
# अपिहिमाल गाउँपालिकाको कार्यालय, खण्डेश्वरी, दार्चुला

# आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रगति प्रतिवेदन




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## परिच्छेद-१
## परिचय

**१- पृष्ठभुमीः-**

नेपालको संविधानले स्थानीय तहमा गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरेको छ । गाउँपालिका, नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुने व्यवस्था अनुरुप स्थानीय तह पुन संरचना आयोगको सिफारिसमा गाउँपालिका र नगरपालिकाको वडाको संख्या र केन्द्र नेपाल सरकारले तय गरी सकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हिमाली, पहाडी तथा भित्री मधेश, तराई र काठमाडौं उपत्यकाका जिल्लामा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका गठन गर्ने अलग अलग मापदण्ड तोकेको छ ।नेपाल सरकारको उक्त मापदण्ड र प्रक्रिया पुर्याई गाउँपालिका / नगरपालिकाहरुको वर्गिकरण गर्न सक्ने व्यवस्था सँगै नेपालको संविधान भाग-५ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था रहेको।

### १.१. अपिहिमाल गाउँपालिकाको संक्षिप्त परिचयः-

अपि हिमालको काखमा रहेको अपिहिमाल गाउँपालिका मिति २०७३ फाल्गुन १ गते साविकका खण्डेश्वरी, घुसा, गुल्जर (१ नं. वडा) र सितोला (५-८ नं. वडा) गा.वि.स. समेटेर ६ वटा वडा कायम गरी गाउँपालिका घोषणा गरिएको थियो । यस गाउँपालिकाले समुद्री सतहबाट लगभग १७०० मि. को उचाई देखि ७१३२ मि. उचाई सम्मको भू-भागलाई ओगटेको छ भने भौगोलिक अवस्थितिका हिसाबले २९.८६ डिग्री उत्तर देखि ८०.९० डिग्री पूर्वि अक्षांश सम्म फैलिएको छ । नेपालको कुल भु-भागको ६१३.९५ वर्ग कि.मि. क्षेत्रफल ओगटेको यस पालिकाको पूर्वमा बझाङ जिल्ला, पश्चिममा व्यास र नौगाड गाउँपालिका, उत्तरमा व्यास गाउँपालिका र दक्षिणमा मार्मा गाउँपालिकासँग सिमाना जोडिएको छ ।यो गाउँपालिका दार्चुला जिल्ला सदरमुकाम देखि २३ कोष टाढा रहेको छ भने अझै पनि पालिका सदरमुकाम सम्म यातायातको पहुँच पुग्न सकेको छैन ।

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो

विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यस गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्न आउँदछ ।

## १.२. <u>गाउँपालिकाका काम, कर्तव्य र अधिकारः</u>

नेपालको संविधानले स्थानीय तहको एकल अधिकारक्षेत्र अनुसूची ८ र साझा अधिकार क्षेत्र अनुसूची ९ मा व्यवस्था गरेको छ ।एकल अधिकारक्षेत्रभित्रका विषयमा स्थानीय तह आफैंले कानुन बनाइ ती अधिकारहरु प्रयोग गर्न सक्छन् । साझा अधिकार क्षेत्र भनेको संघ, प्रदेश र स्थानीय तह समेतका अधिकारहरु हुन जसको प्रयोग संघ, प्रदेश र स्थानीय तहले कानून बनाइ गर्न सक्छन् । अनुसूची-८ मा उल्लेख स्थानीय तहका एकल अधिकारमा प्रतिकुल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ तथा अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०८० मा व्यवस्था भए बमोजिम गाउँपालिकाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन ।

## <u>वियगत शाखाको कार्य विभाजन</u>

### १. सामान्य प्रशासन शाखा

### (क) स्थानीय सेवा तथा जनशक्ति विकास

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यन्वयन र नियमन,
- कर्मचारी व्यवस्थापन,
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य,
- गाउँपालिकाको संगठन विकास, संगठन संरचना तथा दरवन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
- स्थानीय सेवाको व्यबस्थापनमा सूचना तथा संचार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,
- मानव संसाधन विकासका लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा,
- गाउँपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।

**(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन**

- गाउँपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोवस्तीका सामान सम्बन्धी विषय,
- गाउँपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख,
- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख,
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण ।

**(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय**

- संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिता तथा प्रतिनिधित्व,
- जिल्ला समन्वय समितिसँगको समन्वय,
- वडा तहसँगको सम्पर्क र समन्वय,
- पत्राचार, सभा, समारोह, शिष्टाचार ।

**(घ) नगर प्रहरी व्यवस्थापन**

- संघीय तथा प्रदेश कानूनको अधिनमा रहि नगर प्रहरीको संचालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- नगर प्रहारी मार्फत देहायका कार्य सम्पादन गर्ने,
    - नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,
    - सम्पत्तिको संरक्षण,
    - गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
    - स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
    - नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन,
    - गाउँ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,
    - स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयन सहयोग,
    - कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
    - विपद् व्यवस्थापनमा सहयोग,
    - अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,

- फुटपाथ व्यवस्थापन,
- निर्माण नियमन,
- गुणस्तर नियन्त्रण ।

- नगर प्रहरी सम्बन्धी अन्य कार्य ।

**(ङ) न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्तता, निर्णय तथा फैसला कार्यान्वयन**

- न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य,
- न्याय तथा कानुनी राज्यको परिपालना,
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन,
- व्यक्ति र समुदायबीच मिलमिलाप र मध्यस्थताको व्यवस्थापन,
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन ।

**(च) सूचना तथा संचार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन**

- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,
- एकसय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन,
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन,
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,
- सूचना तथा संचार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वन,
- बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी,
- सूचना तथा संचार प्रविधिमा आधारित तथ्यांक व्यवस्थापन ।

**(छ) बजार अनुमान, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण**

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन,
- बजार तथा हाट बजार व्यवस्थापन,
- उपभोक्ता तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

- खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
- खानेपानीको गुणस्तर नियन्त्रण,
- स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,
- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन ।

**(ज) बैठक तथा विधायन**

- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन,
- कार्यपालिकाको निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन,
- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने बिभिन्न नीति, नियम तथा कानूनको मस्यौदामा संयोजन,
- कार्यपालिकाका बिभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन,
- नीति, कानूनको प्रमाणीक प्रतिको संरक्षण, प्रकाशनका लागि समन्वय,
- विधायन सम्बन्धी अन्य कार्य ।

**(झ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण आदि**

- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,
- उपाधी तथा विभुषण सम्बन्धी सिफारिश, अभिलेख ।

**२ राजश्व तथा आर्थिक प्रशासन शाखा**

**(क) राजश्व नीति तथा प्रशासन**

- राजश्व सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन (राजश्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत) कर, दण्ड जरिवाना, मनोरञ्जन कर, वहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन,
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको संकलन तथा बाँडफाँड,
- आफ्नो क्षेत्रभित्र राजश्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी संकलन, समन्वय र नियमन,

- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानून, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन),
- मालपोत संकलन,
- कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्ले जस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी संकलन,
- ट्रेकिङ्ग कायकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, न्याफ्टिङ्ग शुल्क,
- सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन,
- पानीघट्ट, कूलो, पैनी जस्ता सेवा संचालनबाट प्राप्त रोयल्टी संकलन,
- प्रकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना,
- प्रचलित कानून बमोजिम दण्ड जरिवाना,
- बाँकी बक्यौता रकमको लगत र असुल उपर,
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक,
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड,
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन,
- राजश्व परामर्श समिति सम्बन्धी विषय,
- स्थानीय राजश्व प्रवर्द्धनका लागि प्रोत्साहन,
- राजश्वको सम्भाव्यता अध्यन,
- राजश्व सूचना तथा तथ्यांकको आदान प्रदान,
- संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था ।

**(ख) आर्थिक प्रशासन**

- आर्थिक (कार्यविधि) नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन,
- बजेट सीमा निर्धारण, बजेट तर्जुमा, कार्यान्वयन र नियमन,
- संचित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,
- लगानी र लाभांशको व्यवस्थापन,
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण,
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण,
- ऋण तथा अनुदानको व्यवस्थापन र नियमन,
- लगानी प्रक्षेपण (सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन,

- कारोवारको लेखांकन, नियन्त्र तथा व्यवस्थापन,
- राजश्व तथा व्ययको अनुमान,
- बेरुजु फछ्र्यौट,
- आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय ।

**(ग) आन्तरिक लेखापरीक्षण**

- आन्तरिक तथा पूर्व लेखापरीक्षण,
- लेखापरीक्षण विवरण (वेरुजुको लगत समेत) को अभिलेख व्यवस्थापन,
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण,
- लेखापालन सम्बन्धी क्षमता विकास कार्य ।

**३. पूर्वाधार विकास तथा भवन नियमन शाखा**

**(क) सडक तथा यातायात व्यवस्था**

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्वन्धी नीति, कानून, मापदण्ड तथा नियमन,
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटवन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार,
- यातायात सुरक्ष व्यवस्थापन र नियमन,
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,
- ट्याक्सी सेवा अनुमती, व्यवस्थापन र नियमन,
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपांगता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,
- यातायात क्षेत्रमा लगानी अभिबृद्धि,
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच,
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन,
- निजी यातायात नियमन व्यवस्थापन,

**(ख) भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत)**

- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमती र नियमन,
- भवन निर्माण ईजाजत, भवन संहिता कार्यान्वयन,
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन,
- पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण सम्बर्द्धन र पुनःनिर्माण,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार ।

**(ग) जग्गा नापी तथा नक्शा, घरजग्गा धनी पूर्जा, भू-उपयोग तथा बस्ती विकास**

**जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पूर्जा**

- प्रादेशिक मापदण्ड बमोजिम घरजग्गा धनी दर्ता प्रमाणपूर्जा वितरण तथा लगत व्यवस्थापन,
- भूमिको वर्गिकरण अनुसारको लगत,
- जग्गाको कित्ताकाट र भूमी लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण,
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता,
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत ।

**<u>बस्ति विकास</u>**

- शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन,
- गाउँपालिकामा अव्यवस्थित बसोवास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,
- योजनावद्ध र व्यवस्थित बस्ती विकासका कार्यक्रम तर्जुमा कार्यान्वयन,
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकिकरण तथा जग्गा विकास र व्यवस्थापन,
- संघीय तथा प्रदेश कानूनको अधिनमा रहि आफ्नो क्षेत्रको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

- संघीय तथा प्रदेश मापदण्डको अधिनमा रहि व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था,
- स्थानीयस्तरमा सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्था,
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन।

**(घ) जलविद्युत, उर्जा, सडक वत्ती र सिंचाई**

**जलविद्युत, उर्जा र सडक वत्ती**

- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रवर्द्धन,
- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन,
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको वहुउपयोगी विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन,
- सडक वत्तीको व्यवस्था ।

**सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण**

- सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन,
- सिंचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र संकलन व्यवस्थापन,
- जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी स्थानीय,
- तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन,
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

**(ङ) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण तथा फोहरमैला व्यवस्थापन**

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन,

- वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रवर्द्धन,
- फोहरमैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
- सरसफाई तथा स्वास्थ्य जन्य फोहोरमैलाको व्यवस्थापन,
- वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण,
- हानिकारक पदार्थहरुको नियमन तथा नियन्त्रण,
- सार्वजनिक शौचालय व्यवस्थापन,
- वातावरणीय जोखिम न्यूनीकरण,
- न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास अवलम्वन,
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
- पानी मूहानको संरक्षण,
- पहिरो नियन्त्रण,
- जलवायू परिवर्तन अनुकूलन कार्यक्रम ।

**(च) विपद् व्यवस्थापन, वारूण यन्त्र, एम्वुलेन्स**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन,
- विपन् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना,
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
- विपद् जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण,
- विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
- विपद् कोषको स्थापना तथा संचालन र स्रोत साधनको परिचालन,
- विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,
- विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी,
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- वारुण यन्त्र तथा एम्बुलेन्सको संचालन तथा व्यवस्थापन,
- स्थानीय आपतकालीन कार्य संचालन प्रणाली,

**(छ) सार्वजनिक निजी साझेदारी**

- स्थानीय सार्वजनिक-निजी साझेदारी सम्बन्धी नीति, योजना निर्माण,
- स्थानीय सार्वजनिक-निजी साझेदारी आयोजना छनौट तथा कार्यान्वयन,
- स्थानीय विकासमा निजी क्षेत्रको प्रवर्द्धन ।

**४. आर्थिक विकास शाखा**

**(क) कृषि, पशुपन्छी तथा सहाकारी**

<u>कृषिः</u>

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियम,
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाई निर्माण, तालिम प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको संचालन,
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थान र परिचालन,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,
- कृषि सम्बन्धी बिमा र कर्जा सहजीकरण,
- शीत भण्डारको व्यवस्थापन,
- कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तिकरण,
- कृषि वीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय संघ संस्थाहरुको समन्वय, व्यवस्थापन र नियमन,
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
- कृषि तथ्यांकको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचना प्रचारप्रसार,
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन ।

<u>पशुपन्छी</u>

- पशुपालन र पशु स्वास्थ्ञ सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको संचालन र नियमन,
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यवस्थापन,
- पशुपन्छी सम्बन्धी बिमा र कर्जा सहजीकरण,
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
- पशु आहारको गुणस्तर नियमन,
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्यांकको व्यवस्थापन र सूचना प्रणाली,
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

<u>सहकारीः</u>

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमती, खारेजी र विघटन,
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड र नियमन,
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,
- सहकाकरी सम्बन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि,
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन ।

**(ख) वन, भू-संरक्षण, वन्यजन्तु, जलाधार, जडिबुटी तथा जैविक विविधता**

- वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन,
- वन उपभोक्ता समूहको व्यवस्थापन,
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कवुलियती वनको व्यवस्थापन,
- नदि किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
- निजी तथा व्यवसायिक वनको प्रवर्द्धन र नियमन,
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

- जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,
- वनवीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,
- नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, रोपणन र प्रवर्द्धन,
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्न प्रभाव रोकथाम, व्यवस्थापन,
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र संचालन,
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
- रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
- मिचाहा प्रजातिको नियन्त्रण,
- जैविक विविधताको अभिलेख,
- सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,
- भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
- जलवायू परिवर्तन अनुकूलन कार्य,
- आय आर्जनमा आधारित जडिबुटिको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन ।

**(ग) उद्योग तथा उद्मशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षण**

**<u>उद्योगः</u>**

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन,
- ग्रामिण औद्योगिक ग्राम संचालन तथा नियमन,
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन,
- उद्यमशिलता प्रवर्द्धन,
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
- सीप विकास सम्बन्धी कार्यको प्रवर्द्धन ।

**<u>खानी तथा खनिजः</u>**

- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति मापदण्ड तथा कानून, योजनाको कार्यान्वयन र नियमन,
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, खरिढङ्गा, फायरक्ले जस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन,

- ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, फायरक्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन र उपयोग सम्बन्धी दर्ता, अनुमती, नवीकरण, खारेजी र व्यवस्थापन,
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन,
- भौगर्भिक नक्शा प्रकाशन ।

**(घ) रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण**

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,
- गरिबी निवारणको स्थानीय रणनीति तर्जुमा,
- गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
- रोजगार तथा वेरोजगारको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन,
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्वासीको पहिचान र अभिलेख व्यवस्थापन,
- सुकुम्वासी सम्बन्धी जीविकोपार्जन र बसोवास व्यवस्थापन,
- रोजारीका अवसर सिर्जना सम्बन्धी ।

**५. सामाजिक विकास शाखा**

**(क) आधारभूत तथा माध्यमिक शिक्षा**

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकूल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाई तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमति र नियमन,
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन,
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन,
- विद्यालयको नक्शांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,

- आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन,
- विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षन, प्रवर्द्धन र स्तरीकरण,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- पुस्तकालय एवं पत्रपत्रिका,
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सिचालन तथा व्यवस्थापन।

**(ख) खेलकूद तथा अतिरिक्त क्रियाकलाप**

- स्थानीयस्तरमा खेलकूद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय,
- खेलकूदको संरचनाको पूर्वाधार निर्माण, संचालन तथा विकास,
- खेलकूदको विकास र प्रवर्द्धन,
- खेलकूद प्रतियोगिता आयोजना र सहभागिता,
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।

**(ग) आधारभूत स्वास्थ्य तथा सरसफाई**

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, संचालन अनुमति र नियमन,
- आधारभूत स्वास्थ्य सेवाको संचालन र प्रवर्द्धन,
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा संचालन,
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- सरसफाई सचेतनाको अभिवृद्धि,
- रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,
- औषधी पसल संचालन र नियमन,
- औषधीजन्य वनस्पति, जटिवुटि र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
- स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

- औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन,
- औषधीको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,
- औषधी र स्वास्थ्य उपकरणको खरीद, भण्डारण र वितरण,
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको संचालन,
- स्वास्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,
- जुनोटिक र किटजन्य रोगको नियन्त्र तथा व्यवस्थापन,
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
- जनस्वास्थ्य, आपतकालिन स्वास्थ्य तथा माहामारिको नियन्त्रण योजना र कार्यान्वयन,
- सर्ने तथा नसर्ने रोगको नियन्त्र तथा रोकथाम,
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

**(घ) खानेपानी व्यवस्थापन**

- स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन,
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय,

**(ङ) लैंगिक समानता तथा सामाजिक सुरक्षा**

**लैंगिक समानताः**

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन,
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास,
- लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,
- लैंगिक हिंसा उत्तरदायी बजेट ।

**बालबालिकाः**

- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- बालबालिकाको हकहित संरक्षण,
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लव, बाल संरक्षण समिति तथा बाल संचालन,
- बालबालिकाको हकहित संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,
- बालबालिका परिवार सहयोग,
- वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन,
- बालन्याय,
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बालविकास केन्द्र व्यवस्थापन,
- असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन,
- बाल हिंसा नियन्त्रण,
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन,
- आपतकालिन बाल उद्धार कोष स्थापना र व्यवस्थापन ।

**यूवाः**

- यूवा जागरण, सशक्तिकरण र परिचालन,
- यूवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास ।

**जेष्ठ नागरिकः**

- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य,
- जेष्ठ नागरिक, क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको संचालन तथा व्यवस्थापन ।

**अपांगता भएका व्यक्ति र एकल महिलाः**

- संघ तथा प्रदेशसँगको समन्वयमा अपांगता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको संचालन र व्यवस्थापन,
- अपांगता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
- अपांगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा संचालन,
- अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य,
- एकल महिला सम्बन्धी कार्य ।

**(च) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन**

- स्थानीयस्तरमा समाजकल्याण सम्बन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघ संस्था) को दर्ता, नवीकरण तथा नियमन,
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,
- सामाजिक संघ संस्था सम्बन्धी अन्य विषय ।

**(छ) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता**

- सामजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,
- संघ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन,
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन ।

**(ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन**

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- पुरातत्व, प्राचिन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,
- परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको संचालन र व्यवस्थापन,
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन,
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन,
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन,
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन,
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास ।

## ६. योजना, अनुगमन, तथा तथ्यांक शाखा

**(क) योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन**

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन,
- स्थानीय विकास नीति, अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन,

- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजन तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन,
- वार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन,
- विकास निर्माण प्रकृयामा स्थानीय जहनसहभागिता अभिवृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन,
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन,
- उपभोक्ता समितिको विवरण, क्षमता विकास,
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण,
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
- विकास आयोजन तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**(ख) अनुगमन तथा मूल्यांकन**

- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रियाको निर्धारण,
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्यांकन,
- विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन ।

**(ग) तथ्यांक व्यवस्थापन**

- तथ्यांक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन,
- आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन,
- स्थानीय तथ्यांक संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण,
    - आधारभूत तथ्यांक संकलन र व्यवस्थापन : जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्रास्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्शाको अद्यावधिक एवं अभिलेख,
    - वेरोजगारको तथ्यांक संकलन,
    - स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान,
    - सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्यांक र सूचना व्यवस्थापन,

- सम्पन्न भएका तथा चालु योजनाको विवरण,
- विषयक्षेत्रगत सूचना, तथ्यांकको संकलन, अभिलेख ।

- प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय,
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन,
- गाउँपालिकाका आवधिक तथा वार्षिक कार्यक्रम र बजेट स्वीकृति ।

### १.३. गाउँसभा सदस्यहरुको विवरणः

| सि.नं. | गाउँसभा सदस्यहरुको नाम / थरः | पदः | ठेगानाः | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री भक्त सिंह ठेकरे बोहरा | गाउँपालिका अध्यक्ष | अपिहिमाल ३ | ९८६८०१४५६७ |
| २ | श्री देवकी देवी बोहरा | गाउँपालिका उपाध्यक्ष | अपिहिमाल ४ | ९८६८९६१५६७ |
| ३ | श्री पोखर सिंह लोथ्याल | वडा अध्यक्ष | अपिहिमाल १ | ९८६८८१०७६१ |
| ४ | श्री राम सिंह धामी | वडा अध्यक्ष | अपिहिमाल २ | ९८६४३०२९७२ |
| ५ | श्री गगन सिंह कार्की | वडा अध्यक्ष | अपिहिमाल ३ | ९८६५५६५७१३ |
| ६ | श्री रबिन्द्र सिंह बोहरा | वडा अध्यक्ष | अपिहिमाल ४ | ९८६५९०२५३७ |
| ७ | श्री राजेन्द्र सिंह धामी | वडा अध्यक्ष | अपिहिमाल ५ | ९८६५९८२०५९ |
| ८ | श्री धर्म सिंह धामी | वडा अध्यक्ष | अपिहिमाल ६ | ९८६५९६४५३० |
| ९ | श्री विन्ता जागरी | वडा सदस्य | अपिहिमाल १ | ९८४२२१९४८८ |
| १० | श्री बिक्रम सिंह जागरी | वडा सदस्य | अपिहिमाल १ | ९८६५९८१२५८ |
| ११ | श्री खडक सिंह जागरी | वडा सदस्य | अपिहिमाल १ | ९८६५७७६१८४ |
| १२ | श्री सुर्जना धामी | वडा सदस्य | अपिहिमाल २ | ९८४८८५२९११ |
| १३ | श्री राम सिंह धामी | वडा सदस्य | अपिहिमाल २ | ९८६०६४७७५५ |
| १४ | श्री गगन सिंह धामी | वडा सदस्य | अपिहिमाल २ | ९८६५८७०४३३ |
| १५ | श्री जिवनी ठेकरे | वडा सदस्य | अपिहिमाल ३ | ९८४८४९२०२४ |
| १६ | श्री गमन सिंह कार्की | वडा सदस्य | अपिहिमाल ३ | ९८४०२१२८४८ |
| १७ | श्री गिता देवि रोकाया | वडा सदस्य | अपिहिमाल ३ | ९८६५९०२९९६ |
| १८ | श्री शोभा टमटा | दलित म. सदस्य | अपिहिमाल ३ | ९८४७५२०५४६ |
| १९ | श्री राईमती ठेकरे | वडा सदस्य | अपिहिमाल ४ | ९८६५७७३५९८ |
| २९ | श्री चिन्ते धामी | वडा सदस्य | अपिहिमाल ४ | ९७४८२४६७२३ |
| २१ | श्री राम प्रसाद जोशी | वडा सदस्य | अपिहिमाल ४ | ९८४३४१०९२४ |
| २२ | श्री माता देवि ठगुन्ना | वडा सदस्य | अपिहिमाल ५ | ९८६३११३४७० |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री शान्ती टमटा | वडा सदस्य | अपिहिमाल ५ | ९८६४७७३२१९ |
| २४ | श्री नारद सिंह धामी | वडा सदस्य | अपिहिमाल ५ | ९८६८७३८०८६ |
| २५ | श्री धन सिंह धामी | वडा सदस्य | अपिहिमाल ५ | ९८६९४३०३१८ |
| २६ | श्री जमुना देवि बुढाथोकी | वडा सदस्य | अपिहिमाल ६ | ९८४८४०५६३२ |
| २७ | श्री दिलिप सिंह महता | वडा सदस्य | अपिहिमाल ६ | ९८४८९९२८९९ |
| २८ | श्री जसिमा टमटा | वडा सदस्य | अपिहिमाल ६ | ९७४२३७४८२५ |
| २९ | श्री नरेश सिंह धामी | वडा सदस्य | अपिहिमाल ६ | ९८४९७४०१७५ |
| ३० | श्री शोबन सिंह ह्याकी | सदस्य | अपिहिमाल ६ | ९८६५६८७६०७ |
| ३१ | श्री प्रेम कामी | सदस्य | अपिहिमाल ४ | ९८४८४३०३९४ |

## १.४. गाउँ कार्यपालिका सदस्यहरुको विवरणः

| सि.नं. | गाउँसभा सदस्यहरुको नाम / थरः | पदः | ठेगानाः | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री भक्त सिंह ठेकरे बोहरा | गाउँपालिका अध्यक्ष | अपिहिमाल ३ | ९८६८०१४५६७ |
| २ | श्री देवकी देवी बोहरा | गाउँपालिका उपाध्यक्ष | अपिहिमाल ४ | ९८६८९६१५६७ |
| ३ | श्री पोखर सिंह लोथ्याल | वडा अध्यक्ष | अपिहिमाल १ | ९८६८८१०७६१ |
| ४ | श्री राम सिंह धामी | वडा अध्यक्ष | अपिहिमाल २ | ९८६४३०२९७२ |
| ५ | श्री गगन सिंह कार्की | वडा अध्यक्ष | अपिहिमाल ३ | ९८६५५६५७१३ |
| ६ | श्री रबिन्द्र सिंह बोहरा | वडा अध्यक्ष | अपिहिमाल ४ | ९८६५९०२५३७ |
| ७ | श्री राजेन्द्र सिंह धामी | वडा अध्यक्ष | अपिहिमाल ५ | ९८६५९८२०५९ |
| ८ | श्री धर्म सिंह धामी | वडा अध्यक्ष | अपिहिमाल ६ | ९८६५९६४५३० |
| ९ | श्री विन्ता जागरी | वडा सदस्य | अपिहिमाल १ | ९८४२२१९४८८ |
| १० | श्री सुर्जना धामी | वडा सदस्य | अपिहिमाल २ | ९८४८८५२९११ |
| ११ | श्री गिता देवि रोकाया | वडा सदस्य | अपिहिमाल ३ | ९८६५९०२९९६ |
| १२ | श्री राईमती ठेकरे | वडा सदस्य | अपिहिमाल ४ | ९८६५७७३५९८ |
| १३ | श्री शोबन सिंह ह्याकी | सदस्य | अपिहिमाल ६ | ९८६५६८७६०७ |
| १४ | श्री प्रेम कामी | सदस्य | अपिहिमाल ४ | ९८४८४३०३९४ |

## १.५. वडा समितिको काम, कर्तव्य र अधिकार

वडा समितिको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ बमोजिम कार्यपालिकाले तोके बमोजिम हुने व्यवस्था गरेको छ । सोहि अनुसार वडाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

**क) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यः**

- सहाभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोल स्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी वस्ती तथा टोलस्तर योजनाको माग संकलन, प्राथमिकिरण तथा छनौट गर्ने ।
- वस्तीटोल विकास संस्थाको गठन र परिचालन तथा वडाका योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने ।
- वडाका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,
- निजी घर तथा घरपारिवारको लगत राख्ने ।
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने ।

**ख) विकास कार्यः**

- बाल उद्यानको व्यवस्था,
- अनौपचारी शिक्षा कार्यक्रम प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन,
- पुस्तकालय, वाचनालय, वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन,
- सार्वजनिक शौचालय तथा स्नानगृहको व्यवस्थापन,
- धाराको प्रबन्ध, कल वा इनार तथा पोखरीको निर्माण र संरक्षण,
- फोहरमैला संकलन र व्यवस्थापन,
- कृषि तथा फलफुल नर्सरी स्थापना,
- स्थीनीय स्तरको जोखिम न्युनीकरण

(ग) सामाजिक सुरक्षा र गरिबी निवारण कार्य

- लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,
- सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्यांक र सूचना व्यवस्थापन,

- व्यक्तिगत घटना, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराईको तथ्याकं अभिलेख व्यवस्थापन,

(घ) भुमि व्यवस्थापन कार्यः

- कृषि तथा फलफुल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिलेखीकरण,
- कृषि मलको माग संकलन,
- कृषिमा लाग्ने रोगहरुको विवरण तयारी,
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,
- वडा भित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन ।

(ङ) चाडपर्व, भाषा संस्कृतिको विकास कार्यः

- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, सचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने, गराउने,
- स्थानीय मौलिकता झल्कने सांस्कृतिक रितिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन ।

(च) नियनसम्बन्धी कार्यः


- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको नियमन गर्ने,
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने ।

(छ) सिफारिस तथा प्रमाणित गर्ने कार्यः

- नाता प्रमाणित, नागरिकता तथा नागरिकताको प्रतिलिपि लिन
- बहाल  करको लेखाजोखा
- कोठा खोल्न रहोबरमा बस्ने
- मोही लगत कट्टा
- घर जग्गा करको लेखाजोखा
- जन्म दर्ता प्रमाणित
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको
- मिलापत्रको कागज गराउने निवेदन


- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित
- निःशुल्क स्वास्थ्य उपचार
- अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित
- घर पाताल प्रमाणित
- व्यक्तिगत विवरण
- फलानाको घर कायम गर्न सिफारिस
- फरकफरक नाम, थर, जन्म मिति तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस
- नाम, थर जन्म मिति संशोधन
- जग्गाधनी पूर्जा हराएको
- मन्जुरीनामा कागज प्रमाणित
- कित्ताकाट
- संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस
- जीवितसँगको नाता प्रमाणित
- हकवाला वा हकदार प्रमाणित
- नामसारी गर्न सिफारिस
- जग्गाको हक भएको
- मृतकसँगको नाता सम्बन्ध
- उद्योग ठाउँसारी
- जीवित रहेको सिफारिस
- जग्गा मुल्यांकन सिफारिस तथा प्रमाणित
- आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सिफारिस
- धारा तथा विद्युत जडानको सिफारिस
- प्रचलित कानून अनुसार प्रत्योजित अधिकार बमोजिम अन्य विषयमा सिफारिस तथा प्रमाणित ।


## २- अपिहिमाल गाउँपालिकाको सांगठनिक संरचना




## ३- अपिहिमाल गाउँपालिकाको आ.व.२०७९/०८० को आय व्यय विवरणः

| आय तर्फ | | | |
|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
| संघीय सरकार | २५,५३,३३,२०० | २४,९१,६५,७०० | ९७.५८ |
| प्रदेश सरकार | ९२,४०,००० | ९२,४०,००० | १००.०० |
| राजस्व बाडफाड | ७,०५,३३,००० | ६,२१,७६,५३४ | ८८.१५ |
| अन्तरिक श्रोत | १,९०,०५,०९२ | १,८३,२१,४७५ | ९६.४० |
| जम्मा | ३५,४१,११,२९२ | ३३,८९,०३,७०९ | ९५.७१ |
| व्यय तर्फ | | | |
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
| चालु | २२,९८,२६,०९२ | १९,६८,८७,०६३ | ८५.६७ |
| पूंजीगत | १२,४२,८५,२०० | ११,२४,९३,१७६ | ९०.५१ |
| जम्मा | ३५,४१,११,२९२ | ३०,९३,८०,२४० | ८७.३७ |



आर्थिक वर्ष २०७९-०८० को प्रस्तावित र वास्तविक आय
३०००००००.००
२५००००००.००
२०००००००.००
१५००००००.००
१०००००००.००
५००००००.००
०.००
२५५३३३२००.००
९७.५८
९२४००००.००
१००.००
७०५३३०००.००
८८.१५
१९००५०९२.००
९६.४०
संघीय सरकार
प्रदेश सरकार
राजस्व बाडफाड
अन्तरिक श्रोत
प्रस्तावित आय
वास्तविक आय


बार्षिक बजेट
35%
65%
चालु
पूंजीगत




३.१. क्षेत्रगत बजेट तथा खर्च :

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च(%) |
|---|---|---|---|
| आर्थिक विकास | ३,७५,५०,०००। | ३,०१,६२,२७५। | ८० |
| सामाजिक विकास | १४,५९,८७,०००। | १३,२३,९१,६९२। | ९१% |
| पूर्वाधार विकास | ८,५५,६६,२००। | ७,६३,२४,३६४। | ८९% |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २,३९,०७,०९२। | २,०५,०२,८०६। | ८६% |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ६,११,०१,०००। | ४,९९,९९,१०३। | ८२% |
| कुल जम्मा | ३५,४१,११,२९२। | ३०,९३,८०,२४०।०८ | ८७.३७% |




## ३.१. आन्तरिक राजस्व विवरण

| क.स. | राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | २०७8/७९ को यथार्थ आय (रु हजारमा) | २०७9/80 को यथार्थ आय (रु हजारमा) |
|---|---|---|---|---|
| **क.** | **कर राजस्व** | | | |
| १ | ११३१३ | सम्पत्ती कर | ० | ० |
| २ | ११३१४ | भूमीकर/मालपोत | २५०.४३५ | २०४.२२६ |
| ३ | ११३३२१ | घर जग्गा वहाल कर | २१५.७५७ | २७८.२६५०२ |
| ४ | ११३२२ | वहाल विटौरी कर | ० | ० |
| ५ | ११६३२ | अखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी र जीवजन्तु कर) | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ६ | ११४५१ | सवारी साधन कर (टांगा, रिक्सा, अटोरिक्सा, ईरिक्सा जस्ता साना सवारी) | ० | ० |
| ७ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० |
| ८ | १४६११ | व्यवसाय कर | ३७.१ | २५५.३५८ |
| ९ | १४२१९ | बिक्री (ढुंगा, गिट्टी बालुवा, माटो समेत) | ० | ० |
| १० | १४२१९ | अन्य सेवा शुल्क | ० | ० |
| ११ | ११६०० | अन्य कर | ३.६९.८४५९ | ११५.५७७५ |
| **ख.** | **गैरकर राजस्व** | | ० | ० |
| १ | १४१९१ | पर्यटन शुल्क (वन्यजन्तु आरक्ष र निकञ्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क)) | ० | ० |
| २ | १४२२१ | न्यायिक दस्तूर | ० | ० |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७०१.२ | ३५४.४५७ |
| ४ | १४२४१ | पार्किङ्ग शुल्क | ० | ० |
| ५ | १४२४२ | नक्सापास दस्तुर | ० | ० |
| ६ | १४२४३ | सिफारिस दस्तुर | १०४.७५ | १३३.३२३ |
| ७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४०.१ | ३०.४५ |
| ८ | १४२४५ | नाता प्रमाणित दस्तुर | १५.१९ | ३२.७३ |
| ९ | १४२४६ | अन्य दस्तुर | १२५.७७ | ३०४.७२६५ |
| १० | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १३९.२ | १०५.२७ |
| ११ | १४२५४ | रेडियो/एफएम सञ्चालन दस्तुर | ० | ० |
| १२ | १४३१२ | न्यायिक दण्ड, जरिवाना र जफत | २ | २ |
| १३ | १४३१३ | धरौटी सदरस्याहा | ० | ० |
| १४ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ० | ० |
| १५ | १४१९० | अन्य शुल्क/ दस्तुर | ० | ० |
| **ग.** | **नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँटको रकम** | | | |
| १ | ११४११ | मूल्य अभिबृद्धि कर | ३५२२९.३५२०१ | ४४४४९.१६३८७ |
| २ | ११४२१ | अन्त शुल्क | ११४०९.६९६८ | १६०४९.२८१२७ |
| ३ | १४१५३ | बन रोयल्टी | २८०.४५५ | ६१८.५१०७१ |
| ४ | १४१५४ | खानी तथा खनिज रोयल्टी | ० | ० |
| ५ | १४१५५ | जलस्रोत सम्वन्धी रोयल्टी | ० | ० |
| ६ | १४१५६ | विद्युत सम्वन्धी रोयल्टी | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ७ | १४१५८ | पर्वतारोहण वापतको रोयल्टी | २२६५ | ० |
| **घ.** | **प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँटको रकम** | | | |
| १ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १८.०६ | ० |
| २ | ११४५६ | सवारी साधन कर | ८३५.७२०३३ | ९७७.०८२३३ |
| ३ | ११४७१ | मनोरञ्जन कर | ० | ० |
| ४ | ११४७२ | विज्ञापन कर | ० | ० |
| ५ | १४५२२ | अन्य राजश्व | ० | ० |
| | | **जम्मा** | ५१६६९.७८६१४ | ६३९१०.४२१२ |
| **ङ** | **गत आ.ब. को मौज्दातबाट प्राप्त आय** | | १९२९४.६८५३२ | १६५०५.०९२१ |
| | | **कुल जम्मा** | ७०९६४.४७१४६ | ८०४१५.५१३३ |

## ४- अपिहिमाल गाउँपालिकाको भौतिक प्रगति

जम्मा योजना संख्याः५४

सम्पन्न योजना संख्याः५४

ठेक्का मार्फत संचालित योजना संख्याः ६

सम्पन्न योजना संख्याः ६

## ५- अपिहिमाल गाउँपालिकाले निर्माण गरेका ऐन, निमावली, कार्यविधि र निर्देशिकाहरुको विवरणः

१. अपिहिमाल गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४

२. अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४

३. अपिहिमाल गाउँपालिकाको न्यायिक समितिको उजुरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि सम्बन्धी ऐन, २०७४

४. अपिहिमाल गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७४

५. अपिहिमाल गाउँपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५

६. अपिहिमाल गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५

७.	अपिहिमाल गाउँपालिकाको स्थानीय सेवा ऐन, २०७५

८.	अपिहिमाल गाउँपालिकाको सहकारी ऐन, २०७५

९.	अपिहिमाल गाउँपालिकाको जलस्रोत सम्बन्धी व्यवस्था गर्न वनेको ऐन, २०७५

१०.	अपिहिमाल गाउँपालिकाको स्थानीय खेलकूद विकास ऐन, २०७६

११.	अपिहिमाल गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६

१२.	अपिहिमाल गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७७

१३.	अपिहिमाल गाउँपालिकाको उपभोक्ता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

१४.	अपिहिमाल गाउँपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

१५.	अपिहिमाल गाउँपालिकाको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७९

१६.	अपिहिमाल गाउँपालिकाको कार्य विभाजन नियमावली, २०७९

१७.	अपिहिमाल गाउँपालिकाको अपि स्वयं सेवक नियमावली, २०७४

१८.	अपिहिमाल गाउँपालिकाको शिक्षा नियमावली, २०७४

१९.	अपिहिमाल गाउँपालिकाको तानसेन निरज यूवा तथा कल्याण कोष नियमावली, २०७५

२०.	अपिहिमाल गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७६

२१.	अपिहिमाल गाउँपालिकाको जलस्रोत सम्बन्धी व्यवस्था गर्न बनेको नियमावली, २०७७

२२.	अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८

२३.	अपिहिमाल गाउँपालिकाको विधायन समितिको नियमावली, २०७८

२४. अपिहिमाल गाउँपालिकाको स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७५

२५. अपिहिमाल गाउँपालिकाको मर्यादित महिनावारी निर्देशिका, २०७५

२६. अपिहिमाल गाउँपालिकाको खानेपानी योजना संचालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका, २०७५

२७. अपिहिमाल गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७६

२८. अपिहिमाल गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका, २०७७

२९. अपिहिमाल गाउँपालिकाको निरजतानसेन यूवा तथा स्वरोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८

३०. अपिहिमाल गाउँपालिकाको एम्बुलेन्स सेवा कार्य संचालन निर्देशिका, २०७८

३१. अपिहिमाल गाउँपालिकाको चौकीदार परिचालन तथा अनुगमन निर्देशिका, २०७८

३२. अपिहिमाल गाउँपालिकाको न्यायिक समिति कार्यक्र संचालन खर्च निर्देशिका, २०७९

३३. अपिहिमाल गाउँपालिकाको पर्यटक अध्ययन कार्यदल संचालन कार्यविधि, २०७४

३४. अपिहिमाल गाउँपालिकाको शिक्षा क्षेत्र सुधार कार्यविधि, २०७४

३५. अपिहिमाल गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

३६. अपिहिमाल गाउँपालिकाको कोभिड संक्रमण रोकथाम तथा उपचार कोष संचालन सम्बन्धी कार्यविधि, २०७६

३७. अपिहिमाल गाउँपालिकाको जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७६

३८. अपिहिमाल गाउँपालिकाको एकल पुरूष भत्ता वितरण कार्यविधि, २०७६

३९. अपिहिमाल गाउँपालिकाको कोभिड राहत सुविधा कार्यविधि, २०६७

४०. अपिहिमाल गाउँपालिकाको महिला तथा बालबालिका सम्बन्धी कार्यविधि, २०७७

४१. अपिहिमाल गाउँपालिकाको लैगिंक हिंसा निवारण कोष सम्बन्धी कार्यविधि, २०७७

४२. अपिहिमाल गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७७

४३. अपिहिमाल गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य संचालन कार्यविधि, २०७८

४४. अपिहिमाल गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्य संचालन कार्यविधि, २०७८

४५. अपिहिमाल गाउँपालिकाको भवन निर्माण अनुमती प्रकृयाको कार्यविधि, २०७८

४६. अपिहिमाल गाउँपालिकाको पूर्ण सरसफाई प्रवर्द्धन गर्न वनेको कार्यविधि, २०७८

४७. अपिहिमाल गाउँपालिकाको गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाई योजना मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८

४८. अपिहिमाल गाउँपालिकाको सामाजिक सुरक्षा भत्त वितरण कार्यविधि, २०७८

४९. अपिहिमाल गाउँपालिकाको लेखा समितिको कार्यविधि, २०७८

५०. अपिहिमाल गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि, २०७८

५१. अपिहिमाल गाउँपालिकाको एक शैक्षिक संस्था एक उद्यान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

५२. अपिहिमाल गाउँपालिकाको विषयगत समिति कार्य संचालन कार्यविधि, २०७८

५३. अपिहिमाल गाउँपालिकाको भवन निर्माण अनुमती प्रकृयाको कार्यविधि, २०७८

५४. अपिहिमाल गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन तथा अनुदान सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७

५६. अपिहिमाल गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन (पहिलो संशोधन) कार्यविधि, २०७८

५७. अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउँपालिका सुशासन तथा विकास समिति गठन तथा संचालन कार्यविधि, २०७८

५८. अपिहिमाल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७८

५९. अपिहिमाल गाउँपालिकाको श्रम सहकारी गठन परिचालन तथा व्यवस्थापन सम्बधी कार्यविधि, २०७९

६०. अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउपालिकामा स्थानिय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

६१. अपिहिमाल गाउँपालिकाको पोषण लेखाजोखा तथा कुपोषणको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

६२. अपिहिमाल गाउँपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७९

६३. अपिहिमाल गाउँपालिकाको शिक्षा प्रोत्साहन सम्वन्धी मापदण्ड, २०७६

६४. अपिहिमाल गाउँपालिकाको उपभोक्ता समिति परिचालन मापदण्ड, २०७६

६५. अपिहिमाल गाउँपालिकाको गाउँपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्गको तथा असाहय लाई उपलव्ध गराइने राहत सम्वन्धी मापदण्ड, २०७७

६६. अपिहिमाल गाउँपालिकाको कर्मचारी थप प्रोत्साहन सम्वन्धी मापदण्ड, २०७८

६७. अपिहिमाल गाउँपालिकाको पदाधिकारीहरुको आचारसंहिता, २०७८

६८. अपिहिमाल गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रवाहिकरण रणनीति, २०७९

६९. अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउँपालिकाको भूउपयोग कार्यविधि, २०७९

७०.	अपिहिमाल गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्याविधि, २०७९

७१.	अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउँपालिकाको कर्मचारी आचार संहित, २०७९

७२.	अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउँपालिकाको कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार नियन्त्रण आचार संहित, २०७९

७३.	अपिहिमाल गाउँपालिकाको शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९

७४.	अपिहिमाल गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०८०

७५.	अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०८०

७६.	अपिहिमाल गाउँपालिकाको कन्टिन्जेनसी रकम खर्च सम्बन्धी कार्यविधि,२०८०

७७.	अपिहिमाल गाउँपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०८०

७८.	अपिहिमाल गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०८०

७९.	अपिहिमाल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०८०

८०.	अपिहिमाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

८१.	अपिहिमाल गाउँपालिकाको महिला सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि,२०८०

८२. अपिहिमाल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि,२०८०

८३.	अपिहिमाल गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि, २०८०

८४.	अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

८५.	अपिहिमाल गाउँपालिकाको योजना छानबिन सम्बन्धी कार्यविधि, २०८०

८६.	अपिहिमाल गाउँपालिकाको गाउँ सभा कार्य सञ्चालन नियमावली,२०८०

८७.	अपिहिमाल गाउँपालिकाको आर्थिक ऐन, २०८०

८८.	अपिहिमाल गाउँपालिकाको विनियोजन ऐन, २०८०

**६. अपिहिमाल गाउँपालिकाको आ.व.२०७९/०८० को क्षेत्रगत प्रगति विवरणः**

**(क) आर्थिक विकास तर्फ**

- एक वडा एक उत्पादन स्याउखेती कार्यक्रम अन्तरगत १२५५ गोल्डेन डिलिसियस/अन्ना उन्नत जातका स्याउ बोटहरु खरिद गरी वडा नं १,२,३ र ४ का ६७ जना कृषकहरुलाई वितरण गरिएको ।
- एक वडा एक उत्पादन ओखरखेती कार्यक्रम अन्तरगत ७६०० फ्रिसेल उन्नत जातका ओखरका बोटहरु खरिद गरी ६ वटै वडाहरुका २१९ जना कृषकहरुलाई वितरण गरीएको।
- रैथाने वालि संरक्षण कार्यक्रम अन्तरगत कोदो, फापर, पल्ती, चुवा, चिनोको विउ खरिद गरी ६ वटै वडाहरुका ३०० जना कृषकहरुलाई वितरण गरिएको ।
- खायानआलु उत्पादन कार्यक्रम अन्तरगत कार्डिनल जातको १०,००० कि.ग्रा.रातो आलु खरिद गरी वडा नं. ३,४ र ५ का ८८ जना कृषकहरुलाई वितरण गरिएको ।
- २ वटा चिप्स बनाउने मेसिन र ३ वटा प्लाष्टिक सिलर मेसिन खरिद गरी वडा नं. ३ र ४ का कृषकहरु लाई हस्तान्तरण गरिएको ।
- आलु पकेट कार्यक्रम अन्तरगत कार्डिनल जातको ५,४०० कि.ग्रा.रातो आलु खरिद गरी वडा नं.४ का १४९ जना कृषकहरुलाई वितरण गरिएको ।
- स्याउ तथा ओखर नयाँ पकेट स्थापना कार्यक्रम अन्तरगत गोल्डेन डिलिसियस, गालाफुजी जातका ५६३ स्याउका बोट र फर्नेटफर्नर जातका ८०० वटा ओखरका बोट खरिद गरी वडा नं. १ मा २५०, वडा नं.३ मा ३१३ स्याउका बोट र ओखरका बोटहरु वडा नं.४ का ७४ जना कृषकहरुलाई वितरण गरी पकेट स्थापना गरिएको ।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तरगत वडा नं. ४ मा १६ जना कृषकहरुलाई प्लाष्टिक घर निर्माणका लागि प्लाष्टिक लगायत अन्य सामग्री उपलव्ध गराई १६ वटा प्लाष्टिक घर निर्माण गरीएको ।

- अर्गानिक अपि कार्यक्रम अन्तरगत जैविक विषादी निर्माणका लागि खरिद गरिएका १५० ड्रमहरु छ वटै वडाका १५० जना कृषकहरुलाई हस्तान्तरण गरिएको ।
- एक वडा एक उत्पादन पढ्दै कमाउदै कार्यक्रम अन्तरगत खण्डेश्वरी मा.वि. क्षेत्तीमा ३ वटा प्लाष्टिक टनेल घर निर्माण गरिएको ।
- एक वडा एक उत्पादन पशु नश्ल सुधार कार्यक्रम अन्तरगत रोम्नी मार्क्स क्रस थुमा १० वटा खरिद गरी वडा नं. १ मा २ वटा, वडा नं. २ मा ३ वटा, वडा नं. ३ मा ३ वटा, वडा नं. ४ मा १वटा र वडा नं. ६ मा १ वटा वितरण गरिएको।
- एक वडा एक उत्पादन पशु नश्ल सुधार कार्यक्रम अन्तरगत सिनाल जातका १० वटा बोका खरिद गरी वडा नं.१ मा २ वटा, वडा नं. २ मा १ वटा, वडा नं. ३ मा ५ वटा र वडा नं. ६ मा २ वटा वितरण गरिएको ।
- एक वडा एक उत्पादन पशु नश्ल सुधार कार्यक्रम अन्तरगत बोयर जातका ९ वटा बोका खरिद गरी वडा नं.५ मा ३ वटा, वडा नं. ४ मा ३ वटा र वडा नं. ३ मा ३ वटा वितरण गरिएको ।
- एक वडा एक उत्पादन उन मिसन कार्यक्रम अन्तरगत २ वटा उन प्रसोधन मेसिन खरिद गरी १ वटा वडा नं. ३ र ४ को लागि पशु सेवा शाखा कार्यालय र १ वटा वडा नं. १, २ र ६ का लागि मकरीगाड संकलन केन्द्रमा राखिएको ।
- एक वडा एक उत्पादन उन मिसन कार्यक्रम अन्तरगत ९ वटा इलोक्ट्रोनिक चर्खा खरिद गरी वडा नं.३ मा ५ वटा, वडा नं. ४ मा २ वटा, वडा नं. २ मा १ वटा र वडा नं. १ मा १ वटा वितरण गरियो ।
- एक वडा एक उत्पादन उन मिसन कार्यक्रम अन्तरगत ८ वटा इलोक्ट्रोनिक कैची खरिद गरी वडा नं. १ मा १ वटा, वडा नं. २ मा ३ वटा, वडा नं. ३ मा ३ वटा र वडा नं. ६ मा १ वटा वितरण गरियो ।
- एक वडा एक उत्पादन खोर सुधार कार्यक्रम अन्तरगत ४० वटा खोर निर्माण/सुधार कार्य सम्पन्न भएको ।(जस मध्ये वडा नं. १ मा ४ वटा, वडा नं. २ मा ४ वटा, वडा नं. ३ मा ११ वटा, वडा नं. ४ मा ५ वटा, वडा नं. ५ मा १० वटा र वडा नं. ६ मा ६ वटा)
- एक वडा एक उत्पादन खर्क तथा चरिचरन सुधार कार्यक्रम अन्तरगत विभिन्न जातको घासका विउँ तथा नेपियर सेटहरु खरिद गरी ६ वटै वडाका सम्भावित क्षेत्रका २१५ कृषकहरुलाई वितरण गरियो ।(वडा नं. १ का २३, वडा नं. २ का २८, वडा नं. ३ का ४८, वडा नं.४ का ३५, वडा नं.५ का ५१ र वडा नं. ६ का ३० जना कृषकहरु)
- वडा नं.५ का ५२ जना सुनौला हजारदिने आमा र १६ जना एकल महिला गरी ६८ जना महिलाहरुलाई प्रतिव्यक्ति ६ (८ हप्ते गिरिराजका चल्ला) का दरले वितरण गरियो।

- अपिहिमाल ६ चौकिबगरमा एक वटा सिचाई योजना निर्माण गरी १८ घरधुरी लाभान्वित भएका छन् ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत वडा नं. ३ मा ३९ र वडा नं.४ मा ३६ गरी जम्मा ७५ जना नयाँ लघुउद्यमी सृजना भएका छन। (जस मध्ये लामो अवधिको सिलाई कटाई सीप विकास तालिम १५ जना उद्यमी, मध्यम अवधिको राडीपाखी बुनाई सीप विकास तालिम १७ जना उद्यमी, हो जियारी सीप विकास तालिम १२ जना उद्यमी, छोटो अवधिको जौं बाट बिस्कुट बनाउने सीप विकास तालिम ९ जना, पुलुमको जाम तथा टमाटर सस् बनाउने तालिम १३ जना, ग्यानोडोर्मा च्याउ खेती सीप विकास तालिम ९ जना)
- वडा नं. ३ का ४ वटा लघु उद्यमीसमुहहरुमा, ४ वटा सिलाई कटाई मेसिन, १ वटा राच, १ वटा गनमेसिन, १ वटा कालो प्लाष्टिक र ४ वटा विधूत्तीय आइरन प्रविधि हस्तान्तरण गरिएको ।
- वडा नं. ४ का ४ वटा लघु उद्यमीसमुहहरुमा, ८ वटा सिलाई कटाई मेसिन, ११ वटा विधूत्तीय आइरन, ८ गेजको १ वटा होजियारी मेसिन, १ वटा ओभरलक मेसिन, १ वटा राच, प्रविधि हस्तान्तरण गरिएको ।

**<u>स्तरोन्नती कार्यक्रम अन्तरगत सीप विकास तालिम</u>**

- वडा नं. ६ का १५ जना उद्यमीहरुका लागि अल्लो बाट पाखा बुनाइ पुर्नताजगी सीप विकास तालिम संचालन गरियो ।
- वडा नं. ५ र ६ का १७ जना उद्यमीहरुका लागि सिलाई कटाई पुर्नताजगी सीप विकास तालिम संचालन गरियो ।

**<u>प्रविधि हस्तान्तरणः</u>**

- वडा नं. ५ र ६ का २० जना लघुउद्यमीहरुलाई २० वटा विद्युत्तिय आइरन हस्तान्तरण गरियो ।
- वडा नं. ५ र ६ का होजियारी सीप विकास तालिमका उद्यमीहरुलाई सामुहिक रुपमा ४ वटा होजियारी मेसिन हस्तान्तरण गरियो ।
- वडा नं. २ का दालमोट सीप विकास तालिमका पुराना १० जना लघुउद्यमीहरुलाई १० वटा दालमोट मेकर मेसिन र १० वटा प्लाष्टिक सिलर मेसिन हस्तान्तरण गरियो ।

- वडा नं. २ का उन बाट पाखो बुनाई सीप विकास तालिमका पुराना उद्यमीहरुलाई सामुहिक रुपमा १ वटा आधुनिक राच हस्तान्तरण गरियो ।
- वडा नं. ३ र ४ का ७५ जना नयाँ उद्यमीहरुलाई लघुवित्तमा पहुँच गराउने कार्य गरियो।
- वडा नं. ५ का १५ जना पुराना लघुउद्यमीहरुका लागि व्यवसाय सुधार तथा विस्तार तालिम संचालन गरियो ।
- आर्थिक अवस्था कमजोर भएका उद्यमीहरुका लागि सामुहिक व्यवसाय गर्नका लागि अपिहिमाल ३ थुम्तीमा साझा सुविधा केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याइको छ ।
- पर्यटन प्रवर्द्धनका लागि अपिवेश क्याम्प पदमार्गमा ट्रेकिङ रुट (संकेत चिन्ह) निर्माण ।
- अपिहिमाल १ धौलीओढारमा पर्यटक आश्रय आराम घर निर्माण गरिएको ।
- पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि अपिवेश क्याम्प भ्रमण सप्ताहा कार्यक्रम संचालन गरिएको ।
- पर्यटन प्रवर्द्धनका लागि ३० जना वेरोजगार युवायुवतीहरुलाई १४ दिने ट्रेकिङ गाइड सम्बन्धि तालिम संचालन ।
- पर्यटन प्रवर्द्धनका लागि ३० जनालाई होमस्टे तालिम दिइ दक्ष बनाइएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व.२०७९/०८० मा रोजगार सेवा केन्द्रमा दर्ता भएका ११११ जना बेरोजगारहरु मध्ये प्राथमिकिकरणका आधारमा ११३ जनालाई बढीमा १०० दिन बराबरको रोजगारी उपलब्ध गराई गाउँपालिका भित्र रहेको बरोजगार युवा युवतीहरुलाई रोजगारीको प्रत्याभुती भएको ।

**(ख) <u>सामाजिक विकास तर्फ</u>**

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत श्री खण्डेश्वरी मा.वि.क्षेत्ती मा ४ कोठे भवन र श्री हिमालय आ.वि. पाथामा २ कोठे भवन निर्माण कार्य सम्पन्न भई शिक्षण सिकाई तथा कक्षा संचालनमा सहजता ।
- श्री गौरी शंकर आ.वि. मज्जेमा ६ कोठे भवन निर्माण कार्य सम्पन्न भई शिक्षण सिकाई तथा कक्षा संचालनमा सहजता ।
- फर्निचर निर्माण कार्यक्रम अन्तरगत श्री सरस्वती आ.वि.मरखोला, श्री महादेव आ.वि.काटै, श्री तामाखानी आ.वि.चौविसन र श्री सिद्धनाथ आ.वि.घाजिरमा फर्निचर निर्माण कार्य सम्पन्न भई बालमैत्री बसाई व्यवस्थापन तथा शिक्षण सिकाई क्रियाकलापमा सहजता ।

- फिल्ड निर्माण कार्यक्रम अन्तरगत श्री भवानी मा.वि.सौगन्ना अपिहिमाल ५ र श्री भवानी आ.वि.देउली अपिहिमाल ६ मा फिल्ड निर्माण कार्य सम्पन्न भई विद्यालय प्रार्थना तथा अतिरिक्तक्रियाकलाप सञ्चालन गर्न सहजता ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री छिपुलकेदार मा.वि. धंकं र श्री सुर्मा भवानी आ.वि.थुम्तीमा ICT ल्याब व्यवस्थापन कार्य सम्पन्न भई शिक्षण सिकाई तथा नियमित प्रशासनिक कार्यमा सहजता ।
- श्री महादेव मा.वि. घुसा र श्री सरस्वती आ.वि. मरखोलामा गाउँपालिकाको आन्तरिक स्रोतबाट ICT ल्याब व्यवस्थापन कार्य सम्पन्न भई शिक्षण सिकाई तथा नियमित प्रशासनिक कार्यमा सहजता ।
- कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याड वितरण गरि छात्राहरुको नियमित उपस्थिति तथा सरसफाई तथा स्वच्छता प्रवर्द्धनमा सहजता ।
- श्री भवानी मा.वि. सौगन्नामा विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापन कार्य सम्पन्न भई विज्ञान विषयको प्रयोगात्मक कक्षा सञ्चालनमा सहजता ।
- शैक्षिक सत्र २०८० को शैक्षिक भित्तेपात्रो निर्माण गरि विद्यालय तथा पालिकाका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम भएको ।
- गाउँपालिका भित्रका सबै वडा तथा पालिका स्तरमा **बाल प्रतिभा पहिचान कार्यक्रम** संचालन गरि बालबालिकाहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन तथा विद्यार्थीको सर्वाङ्गिण विकासमा टेवा पुगेको ।
- गाउँपालिका भित्र आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१०/१२ संचालित विद्यालयका विद्यार्थीहरु संग विविध कार्यक्रका साथ **अध्यक्ष संग बाल बालिका कार्यक्रम** संचालन भई विद्यार्थीहरुको सिर्जनशिलता तथा गुनासा , समस्याहरु पहिचान भई आगामि शैक्षिक कार्यक्रमहरु तय गर्न सहयोग पुग्नु ।
- गाउँपालिका भित्र संञ्चालित विद्यालयहरुमा आधारभूत तह कक्षा १-३ मा कार्यरत २३ जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी २ दिने तालिम संञ्चालन भई नयाँ पाट्यक्रमको प्रबोधिकरण भई परिवर्तित पाठ्यक्रमको बारेमा शिक्षकहरुलाई जानकारी प्राप्त ।
- गाउँपालिका भित्र संचालित २३ वटा विद्यालयहरुबाट १-१ शिक्षक/कर्मचारिहरुलाई सहभागि गराई सूचना प्रविधि सम्बन्धी तालिम संचालन गर्दा बदलिदो परिवेश अनुसार

विद्यालयहरुमा सूचना सम्प्रेसण तथा सूचना प्रवाहका तौर तरिकाका साथै कक्षा कोठामा प्रविधिको प्रयोग सम्बन्धी जानकारी प्राप्त ।

- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी २ दिने तालिम सञ्चालन हुदा सहभागीहरु आफनो काम कर्तव्य र अधिकार प्रति सचेत भई विद्यालय व्यवस्थापनमा सहज तथा जिम्मेवारी बोध ।
- गाउँपालिका भित्र संचालित २३ वटा विद्यालयहरुबाट १-१ शिक्षक /कर्मचारिहरुलाई सहभागि गराई IEMIS सम्बन्धी २ दिने तालिम सम्मन्न हुदा एकिकृत शैक्षिक सूचना प्रणाली मा शैक्षिक तथ्याङ्क अध्यावधिक गर्न सहज ।
- आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० मा कार्यरत ३० जना शिक्षकहरुलाई पेशागत विकास सम्बन्धी ५ दिने तालिम सम्पन्न भई शिक्षकको पेशागत क्षमता विकास हुनुका साथै शिक्षणका नवप्रवर्द्धन बारेमा यथेष्ठ जानकारी ।
- अपिहिमाल गाउँपालिकाको भाषा तथा संस्कृती संरक्षणका निमित्त मल्देशि भाषा तथा संस्कृति उत्थान समाज अपिहिमाल गाँपालिका ४, दार्चुला संग सम्झौता गरी लोप हुन लागेको क्षेत्तेली भाषाका शब्दहरु संकलन गरी अभिलेख तयार गरी स्थानीय भाषाको रुपमा विकास गर्ने गरी कार्य भएको छ ।
- गर्भवती महिला तथा २ बर्ष मुनिका बालबालिकाको पोषण सुधारको लागि **उपाध्यक्ष संग पोषण कार्यक्रम** अन्तर्गत गर्भवती लाई पोषण प्रोत्साहान,पोषण कार्यक्रमको अनुगमन तथा कुपोषणको लेखाजोखा सम्बन्धि कार्यबिधि बनाई नियमित कार्यक्रम संचालन र नियमित २ बर्ष मुनिका बालबालिकाको बृद्धि अनुगमन संख्या बढाउन प्रोत्साहन कार्याक्रम संचालन।
- ३७ जना दिर्घरोगीहरु तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई आर्थिक सहायता स्वरुप बिरामीको प्रकृती र आर्थिक अवस्था हेरी नगद सहयोग उपलब्ध गरिएको।
- ल्याब सेवालाई थप विस्तार र सेवाको गुणस्तर बढाउन आवस्थक सामाग्री खरिद गरि वडा २, ३ र ४ मा ल्यावसेवा व्यवस्थित गरिएको।
- खोप सेवालाई प्रभावकारी बनाउन पालिका स्तरमा कोल्ड चेन सव सेन्टर विस्तारको लागी ILR Refrigenerator खरिद गरिएको।
- परिवार नियोजन सेवाको विस्तार गर्न ५ जना स्वास्थ्यकर्मीहरु(सिति आधारभूत स्वास्थ्य सेवाकेन्द्र,पाथा आधारभूत स्वास्थ्य सेवा केन्द्र, खण्डेश्वरी स्वास्थ्य चौकी, शौगन्ना आधारभूत स्वास्थ्य सेवा केन्द्र र धंकं आधारभूत स्वास्थ्य सेवा केन्द्र) लाई ईम्प्लान्ट सम्बन्धि तालिम व्यवस्थापन गरि सवै स्वास्थ्य संस्था वाट ईम्प्लान्ट सेवा संचालन गरिएको।

- नियमित खोप सुदृढिकरण, पुर्ण खोप सुनिश्चितता र दिगोपनाको लागि सुक्ष्मयोजना अध्यावधिक तथा सरसफाई प्रबधन सम्बन्धि तालिम संचालन साथै पालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा।
- आखा,नाक,कान,घाटी तथा मुख स्वास्थ्य सम्बन्धि विद्यालय शिक्षक, महिला स्वास्थ्य स्वयम सेविका र स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन,
- नियमित स्वास्थ्य संस्था बाट पाठेघरको क्यान्सर स्किनिङ तथा पाठेघर खसेका महिलाहरुको खोजपताल तथा पाठेघर खसेका ४ जना महिलाको विवरण संकलन गरि शल्यकृयाको लागी माथिल्लो निकायमा विवरण पठाईएको,
- क्षयरोग नियन्त्रणको लागि नियमित जोखिम समुह तथा स्वास्थ्य संस्थाको पहुच बाट टाढा रहेका समुदायमा क्षयरोगको खोजपताल तथा थप जिन एक्सपोर्ट को लागि नमुना जिल्ला अस्पताल दार्चुला पठाईएको।
- स्वास्थ संस्थाको गुणस्तर बढाउन सबै स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड सम्बन्धि अभिमुखिकरण, मुल्याङ्कन तथा फलोअफ गरिएको।
- पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक,स्वास्थ्य कार्यक्रमको डाटा भेरिफिकेशन एंव गुणस्तर सुधार गर्न प्रत्येक महिनाको ६ गते सबै स्वास्थ्य संस्थामा पालै पालो बैठक बस्ने गरेको।
- दिर्ध रोगी ३० जना, जेष्ठनागरिक ३२६ र अपाङ्ग ११ जना हरुलाई घर-दैलोमै स्वास्थ्य सेवा दिन घरदैलो स्वस्थ्य सेवा कार्यक्रम संचालन,
- विधालय तथा आमासमुहमा मासिक रुपमा स्वास्थ्य सेवा कार्यक्रम संचालन।
- ६ वटै वडामा रहेका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट ६० जना डेलभरी गराउने कार्य भएको ।
- अपिहिमाल गाउँपालिका वडा नं.३,४,५ र ६ मा ५ वटा खानेपानी तथा सरसफाईका योजनाहरु निर्माण गरी १५२ घरधुरीलाई स्वच्छ खानेपानी उपलव्ध गराउने कार्य भएको ।
- वडा नं. ३, ४, ५ र ६ का ८ जनालाई १२ दिने खानेपानी तथा सरसफाई योजना सम्बन्धी ग्रामिण मर्मत सम्भार कार्यकर्ता (VMW) दक्ष जनशक्ति उत्पादन गरिएको छ।
- गाउँपालिका भित्र गत विगत वर्षहरुमा निर्माण सम्पन्न खानेपानी तथा सरसफाई योजनाहरु मध्ये १८ वटा योजनाहरुको वार्षिक साधारण सभा संचालन गरी सम्पन्न गरिएको ।
- अपिहिमाल गाउँपालिका वडा नं. १ देखि ६ नं. वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको आ.ब. २०७९/०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न लाभग्राहीहरूको

विवरण श्रावण १ गते देखि असोज मसान्त सम्म ५२८ जनाको विवरण नविकरण तथा अध्यावधिक गर्ने कार्य सम्पन्न गरियो।

- गाउँपालिका भित्र रहेका विभिन्न किसिमका १०३ जना सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुलाई पहिलो,दोस्रो,तेस्रो र चौथो त्रैमासिकमा गरी २,३२,०५,४७१ रुपैंया माछापूच्छ्रे बैंक अपिशाखा बाट वितरण गर्ने कार्य गरीएको ।
- अपिहिमाल गाउँपालिका भित्रका ६ वटै वडाहरुबाट २०७९ श्रावण देखि २०८० असार मसान्त सम्म जन्म दर्ता महिलाः ६१, पुरुषः ८६ जम्माः १४७, मृत्युदर्ताः महिलाः१८, पुरुषः२६ जम्माः४४, विवाह दर्ता- ४७ जोडी,बसाईसराईः आएका-७ गएका-२६ जनाको घटना दर्ता कार्य सम्पन्न ।
- सेवाग्राहीहरुलाई घटना दर्ता सम्बन्धी जानकारी गराउन ६ वटै वडाहरुमा व्यक्तिगत घटना दर्ता सप्ताह संचालन गरी सम्पन्न गरिएको ।
- अपिहिमाल गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ५९७ जना लाभग्राहीहरुको सामाजिक सुरक्षा परिचयपत्र छपाई तथा वितरण गर्ने कार्य सम्पन्न गरीएको ।
- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरू भौगोलिक विकटता/ अति अशक्ताका कारण बैंक सम्म आउन नसक्ने भएकाले सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाट वितरणको लागि माछापुछ्रे बैंक अपि शाखा संग समन्वय गरी आ.व. २०७९/०८० को चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता रकम वडा कार्यालयबाट वितरण गर्नका लागि (BLB) Branch Less Bank System मा लाभग्राहीहरूको विवरण Enrolment गर्ने कार्य सम्पन्न गरिएको।
- अध्यक्ष जेष्ठ नागरिक कार्यक्रम अन्तरगत अपिहिमाल गाउँपालिका भित्रका ३७६ जना जेष्ठ नागरिकहरुलाई न्यानो कम्बल वितरण गर्ने कार्य गरियो ।
- अपिहिमाल गाउँपालिका वडा नं.३,४ का १२ जना एकल महिलाहरुलाई च्याउ खेति सम्बन्धी तालिम प्रदान गरिएको ।
- अपाङ्गहरुका लागि स्वीटर बुनाई सीप विकास तालिम दिने कार्य गरीएको।
- श्री हिमालय आ.वि.पाथा, गौरीशंकर आ.वि.मज्जे, छिपुलकेदार मा.वि.धंकं र महादेव मा.वि.खडियानमा वास कर्नर स्थापना गरिएको ।
- लालिगुराँस आमासमुह अपिहिमाल ३ थुम्तीका २५ जना आमाहरुलाई व्यवसाय सञ्चालनका लागि प्रतिव्यक्ति रु.२५००० का दरले रु.६२५००० नगद अनुदान उपलब्ध गराइएको ।
- अपिहिमाल गाउँपालिका वडा नं. ३ र ४ का ५४ जना सुनौला हजार दिने आमाहरुलाई तरकारीको विउ वितरण गरिएको ।

- पालिका स्तरीय किशोरी संजाल गठन गरिएको ।
- अपिहिमाल गाउँपालिका भित्रका ६ वटै वडाहरुमा गरी ८ वटा मन्दिरहरु निर्माण गरीएको ।(जस मध्ये वडा नं. १ मा ३, वडा नं.२ मा १, वडा नं.३ मा १, वडा नं. ४ मा १, वडा नं. ५ मा १ र वडा नं. ६ मा १)

**(ग) <u>पूर्वाधार विकास तर्फ</u>**

- अपिहिमाल गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न ।
- १० शैया अस्पताल भवन निर्माणधिन अवस्थामा रहेको ।
- चौकिबगड सितोला सडक अन्तरगत २२.५ मिटर कंक्रिट मेसिनरी वाल निर्माण गरिएको ।
- प्रधानमन्त्री रोजगार, अध्यक्ष स्वरोजगार र गाउँपालिकाको संयुक्त लगानीमा अपिहिमाल गाउँपालिका भित्रका ६ वटै वडाहरुमा १५ वटा पि.सि.सि.बाटो निर्माणका योजनाहरु कार्यान्वयन भई सम्पन्न भए संगै १५७७ मिटर पि.सि.सि.बाटो निर्माण कार्य सम्पन्न भएको।
- गाउँपालिका भित्रका ६ वटै वडाहरुमा गरी १०१० मिटर खडन्ची बाटो निर्माण कार्य सम्पन्न ।
- गाउँपालिका भित्रका ६ वटै वडाहरुमा गरी २०७७ मिटर घोरेटो बाटो निर्माण कार्य सम्पन्न।
- सिद्धमकरीकोट देखि खण्डेश्वरी हुँदै अपिवेशक्याम्प सम्मको पर्यटकीय पदमार्ग अन्तरगत ३३६ मि. पि.सि.सि., ३८९४.८ मिटर खडन्ची र १८० मिटर रेलिङ सहित पि.सि.सि.निर्माण कार्य सम्पन्न ।
- अपिहिमाल गाउँपालिका वडा नं. ३ क्षेत्ति र वडा नं. ६ ककनाडीमा झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न ।
- अपिहिमाल ६ स्थित मज्जेमा १०० कि.वा. लघुजलविधुत्त निर्माण कार्य गरिएको ।
- अपिहिमाल ३ स्थित थुम्ती खोला लघुजलबिधूत्त आयोजना मर्मत गरी संचालनमा ल्याएको ।
- अपिहिमाल ३ स्थिति तल्लोछडे लघुजलविधुत्त आयोजना मर्मत गरी संचालनमा ल्याएको ।
- दलित वर्ग उत्थान कार्यक्रम अन्तरगत अपिहिमाल ६ स्थित दलित वस्तिहरुमा १७ वटा शौचालय निर्माण कार्य सम्पन्न ।
- अपिहिमाल गाउँपालिका वडा नं. ४ मा १२४६ मिटर ढलनिकास निर्माण कार्य सम्पन्न ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत ६ वटै वडाका ४२ जना लाभग्राहिहरुका आवास निर्माण कार्य सम्पन्न ।

**(घ) <u>वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः</u>**

- अपिहिमाल गाउँपालिका वडा नं. २ घुसामा रहेको कालापहिरा सामुदायिक बनमा वृक्षारोपण गर्ने कार्य गरीएको ।

- अपिहिमाल गाउँपालिका ४ खात्तीमा रहेको खात्ती सामुदायिक बन संरक्षणका लागि घेर पर्खाल निर्माण गर्ने कार्य गरिएको ।
- अपिहिमाल ५ मकरीगाडमा फोहर व्यवस्थापनका लागि डम्पिङ घर निर्माण गर्ने गरिएको ।
- अपिहिमाल गाउँपालिका ४ खात्तीमा रहेको परम्परागत खानेपानी मुहानको संरक्षण गरी धारा निर्माण गर्ने कार्य गरिएको ।
- अपिहिमाल गाउँपालिका वडा नं. ६ ककानाडी, रिगुर, धंकं र वडा नं.४ मरखोलामा सुधारिएको घट्ट निर्माण कार्य गरिएको ।
- अपिहिमाल गाउँपालिका वडा नं. १ गुर्साड, आरुखोड, वडा नं. ३ विसौनाचौर, कोर्थि, रंघाडी, काल्जौबोया र वडा नं. ५ पारीलुम्थीमा फोहर व्यवस्थापनका लागि ढलनिकास निर्माण कार्य गरिएको ।
- अपिहिमाल गाउँपालिका ३ झुस्कुमा मुहान संरक्षण गर्नुका साथै धारा निर्माण कार्य गरिएको।
- अपिहिमाल गाउँपालिकाको विपद् जोखिम नक्साकंन गर्ने कार्य गरिएको ।
- विपद उत्थानशिल योजना तयार गरिएको ।
- पुर्ननिर्माणमा परेका ६ जना लाभग्राहीहरुको घर निर्माण कार्य सम्पन्न भई अन्तिम किस्ता रकम उपलब्ध गराउने कार्य गरिएको ।
- अपिहिमाल गाउँपालिका वडा नं. ४ र खत्तोली र वडा नं. ५ लुम्थीमा आरनघर निर्माण गरीएको ।
- विपद पूर्व तयारी तथा राहत सामग्रीको व्यवस्थापन गरिएको ।
- अपिहिमाल गाउँपालिका भित्रका वडा तथा वस्तीहरुमा विपद्का घटना बाट भएको क्षतिको मूल्याकंन गरी लाभग्राहीहरुलाई नगद तथा वस्तुगत राहत उपलव्ध गराउने कार्य गरिएको

**(ङ) सुशासन तथा संस्थागत विकास तर्फ**

- वडा तथा पालिका स्तरको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको ।
- पालिका अन्तरगत रहेका शाखा/उपशाखा र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुका लागि प्रशासनिक कार्यसञ्चालन तथा क्षमता विकास सम्बन्धी तालिम सञ्चालन ।

**<u>निति, कानून, कार्यविधि र मापदण्डहरुः</u>**

१. अपिहिमाल गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रवाहिकरण रणनीति, २०७९

२. अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउँपालिकाको भूउपयोग कार्यविधि, २०७९

३. अपिहिमाल गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्याविधि, २०७९

४. अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउँपालिकाको कर्मचारी आचार संहित, २०७९

५. अपिहिमाल गाउँपालिकाको अपिहिमाल गाउँपालिकाको कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार नियन्त्रण आचार संहित, २०७९

६. अपिहिमाल गाउँपालिकाको शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९

७. अपिहिमाल गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०८०

८. अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०८०

९. अपिहिमाल गाउँपालिकाको कन्टिन्जेनसी रकम खर्च सम्बन्धी कार्यविधि,२०८०

१०. अपिहिमाल गाउँपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०८०

११. अपिहिमाल गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०८०

१२. अपिहिमाल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०८०

१३. अपिहिमाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

१४. अपिहिमाल गाउँपालिकाको महिला सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि,२०८०

१५. अपिहिमाल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि,२०८०

१६. अपिहिमाल गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि, २०८०

१७.	अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

१८.	अपिहिमाल गाउँपालिकाको योजना छानबिन सम्बन्धी कार्यविधि, २०८०

१९.	अपिहिमाल गाउँपालिकाको गाउँ सभा कार्य सञ्चालन नियमावली,२०८०

२०.	अपिहिमाल गाउँपालिकाको आर्थिक ऐन, २०८०

२१.	अपिहिमाल गाउँपालिकाको विनियोजन ऐन, २०८०

## सफलताको कथाः

### गाउँमा स्वच्छ खानेपानीले स्थानीयमा खुशीः



**पहिलेको अवस्थाः** अपिहिमाल गाउँपालिका वडा. नं.०६ देउली स्थित ६५ बर्षिय छन्चरा जागरी भन्नु हुन्छ पुस्तौ पुस्ता देखी देउली बस्तीका स्थानीयहरुले खानेपानीका लागि धेरै समस्या भोक्दै आईरहेका थिए । स्थानीय वासीहरुको आफनै पहलमा



बोका खोलाबाट कुलो काटी कुलोबाट खानेपानी  खाने गरेको बताउछिन् । २०६४ सालमा गरिवी निवारणकोष कार्यक्रमको सहयोगमा सबै घरदुरी मिलाएर २ वटा खानेपानीका धारा निर्माण गरी खानेपानी संचालनमा  ल्याईयो, उक्त योजनाको नियमित रेखदेख अनुगमन तथा सुपरिवेक्षण र मर्मत सम्भार नहुनका कारण योजना नियमित  संचालन हुन सकेन र पुनः देउली बस्ती पुरानै कुलोको पानी खान बाध्य भए । आफुत जसरी तेसरी दुख सुखले पानी खान्थे तर गाई भैसीका लागि घण्टौ समय लगाएर बोका खोलाबाट पानी बोकी काठको डुग्रो बनाई पानी संकलन गर्ने गरेका थियौ । पानीकै समस्याका कारण व्यक्तिगत घरायसी तथा वातावरणीय सरसफाई गर्नमा पनि समस्या हुने गर्दथ्यो । साथै बिभिन्न सरुवा रोग लाग्ने पिडालेपनि सताई राखथ्यो ।

**पहिलेको अवस्थाः** अपिहिमाल गाउँपालिकाको दोस्रो स्थानीय निर्वाचन २०७९ पश्चात आर्थिक वर्ष २०७०।८० मा कुल लागत रकम रुः **१७,३१,५५९।८२ ( अक्षरुपीःसत्र लाख एकतीस हजार पाँच सय उन्साठी रुपैयाँ मात्र)** मा देउलीका ९ वटा घरदुरी लाई ब्यक्तिगत धारा १ स्कुल धारा निर्माण कार्य सम्पन्न भई खानेपानीको व्यवस्था भएको छ । जसले गर्दा स्थानीयवासी हर्षित भएका छन । छन्चरा जागरी खुशीले भावुक भई भन्छन यस्तो बिकट ठाउँमा पनि घर घर पानीको धारा भन्ला भनेर कहिले पनि  सोचेको थिएन । आज बल्ल मेरो सपना पुरा भो, अर्को महिला शान्ती जागरी  भन्छन साचै नै स्थानीय सरकारले हाम्रो वास्तविक पीडालाई बुझी यस्तो बिकट बस्तीमा घर घर पानी धारा बनाई सफा र स्वच्छ खानेपानी पाउने भयो यसका लागी सम्पुर्ण देउली वासीको तर्फबाट स्थानीय जनप्रतिनिधिका साथै पालिका कर्मचारीहरुलाई हिद्रय देखी धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनहरुमा देउली खानेपानी तथा सरसफाई योजनालाई दिगो व्यवस्थापनका लागि पानी महशुल्क नियमित उठाउने प्रतिबद्धता गर्दछौं ।

## उद्यमशीलता तालिमबाट आर्थिक समवृद्धि

अपिहिमाल गाउँपालिका वडा नं. ४ नौपाटा वस्ने ४० वर्षिय पदिमा ठेकरे भन्नु हुन्छ मेरो परिवारमा ४ जना सदस्यहरु छन श्रीमान श्रीमती १ छोरा र १ छोरी  जेठो छोरा धनगढीमा उच्च शिक्षा हाँसिल गर्दै छ भने छोरी पनि कक्षा १२ मा अध्यनरत छ । मेरो श्रीमानले घर खर्च तथा बच्चाहरुको पढाईका लागि खर्चको जोहो गर्न मकरिगाड हाईड्रो पावरमा खाना बनाउने काम गर्नु हुन्थ्यो । म घरायसी काम गर्थे अपिहिमाल गाउँपालिका उद्योग विकास शाखाको आयोजनामा ८ दिने उद्यमशीलता तालिम पछि मैले व्यवसायिक अवसर पहिचान गर्ने तथा ३ महिने सिलाई कटाई सीप विकास तालिम लिएर गाउँपालिका नजिक व्यवसायिक अवसरको पहिचानको आधारमा खाजा

नास्ता पसल संचालन गरे, सिलाई तालिम लिएपछि सिलाई व्यवसाय खाजा पसल सगै स्थापना गरेकी छु । श्रीमानलाई पनि खाजा नास्ता वनाउने व्यवसायमा रोजगारी दिएकि छु, भने आफुले सिप तथा स्रोत साधन प्रयोग गरी स्थानीय उपभोक्ताहरुको खाँचो पुरा गर्ने गरेकी छु, र बचेको समयमा महिलाहरुका लागि पर्स उत्पादन गरेर घर खर्च तथा बच्चाहरुको पढाईको खर्च निकाल्ने गरेकी छु, अझै यो व्यवसाय विस्तार गर्ने विचार गरेकी छु ।





**परिच्छेद-३**

**गाउँपालिकाको कार्यालयको भौतिक स्रोत साधन**

३.१ अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० सम्ममा भौतिक स्रोत साधन देहाय बमोजिम रहेको छ :

| क.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | आफ्नै वडा कार्यालय भवन | ३ | |
| २ | गाउँपालिकाको प्रशासकीय भवन | १ | |
| ३ | एम्बुलेन्स | १ | |
| ४ | मोटरसाईकल | १ | |
| ५ | स्वास्थ्य चौकी भवन | ६ | |
| ६ | पर्यटकीय आवस गृह | २ | |
| ७ | जेनेरेटर | १ | |

## परिच्छेद-४

## समस्या, चुनौती, समाधानका उपाय, सुझाव र निष्कर्ष

### ४.१ समस्या तथा चुनौती :

अपिहिमाल गाउँपालिकाले स्थानीय सरकार ससंचालन ऐन, २०७४ तथा अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०८० बमोजिम प्राप्त काम, कर्तव्य तथा अधिकार अनुसार कार्य गर्ने सिलसिलामा देखा परेका समस्याहरु देहाय बमोजिम रहेका छन ।

- भौगोलिक विकटताले पालिका सदरमुकाम तथा वडा कार्यालय सम्म यातायात तथा विद्युतको सहज पहुँच पुऱ्याउन नसक्नु ।
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबै जनताको पहुँच पुऱ्याउन नसक्नु ।
- भौगोलिक कठिनाइका कारण सेवा प्रवाहमा कठिनाई हुनुका साथै कर्मचारीहरुलाई टिकाउन नसकिनु।
- संविधानमा भएको व्यवस्था बमोजिम संघ तथा प्रदेशबाट बन्नु पर्ने ऐन नियमहरु बनाउन नसक्दा केही संवैधानीक जटिलता देखिनु ।
- स्थानीय कर्मचारीसंग सम्बन्धित ऐन कानून नहुँदा कर्मचारीको मनोबल उच्च नहुनु तथा कर्मचारीहरुको स्थायी पदपूर्ती हुन नसक्दा कार्यसम्पादन चुस्त दुरुस्त बनाउन गाह्रोहुनु ।
- भौगोलिक विकटताका कारण भौतिक निर्माण कार्यका लागि आवश्यक बाह्य सामग्रीहरु समयमै योजना स्थल सम्म पुऱ्याउन नसकिनु ।
- कर्मचारीहरुको क्षमता विकासहुने किसिमका तालिम गोष्ठीहरु संचालन नहुनु ।
- भौतिक संरचना निर्माणमा जनश्रमदानको कमि देखिनु ।

- भौगोलिक बिकटताका कारण उद्यमी हरुकालागी आवस्यक पर्ने प्रविधि समयमै तालिम स्थानमा पुऱ्याउन नसकिएको ।
- आर्थिक विपन्नताका कारण  प्रविधिमा २० प्रतिशत  लागत साँझेदारी रकम उठाउन कठिनाई हुनु ।
- पालिका भित्र दक्ष जनशक्ति नहुँदा तालिम अवधिमा मेसिन उपकरण बिग्रिएमा मर्मत गर्न जिल्ला बाहिर पठाउनु पर्ने ।
- माटो परिक्षणका लागि परिक्षण किट नहुनु ।
- बजेटको आधारमा योजनाको लागत र स्टीमेट नबन्नु ।
- बेरोजगार व्यक्तीहरूको आम्दानी पेशा तथा अन्य विवरणहरु फारममा सहि उल्लेख नभएको हुँदा बेरोजगार व्यक्तीहरुको प्राथमिकिकरणमा तल माथी हुने ।
- भौगोलिक विकटता तथा बस्तीहरु एकीकृत नभएको हुँदा श्रमिकहरूलाइ काममा खटाउन गाह्रो हुने गरेको ।
- ठेकेदारहरुले समयमा काम सम्पन्न नगर्नाले संरचना ढिलो निर्माण र बजेट समेत फ्रिज हुने भएकाले पालिकालाई आर्थिक भार बढ्ने गरेको ।
- प्रयाप्त HMIS Tool नहुनु,,
- सबै वडाहरुमा टेलिफोन तथा इन्टरनेट सेवा नहुनु,
- पालिका स्तरमा कोल्ड चेन व्यवस्थापनको लागी रिफ्रेजिनेटरको व्यवस्था नहुनु,,
- बर्थिङ सेन्टरमा गुणस्तरिय सामाग्री नहुनु।
- सबै संस्थाहरवाट DHIS2 online entry गर्न नसकिनु

४.२ **<u>समाधानका उपायहरुः</u>**

अपिहिमाल गाउँपालिकाले आफ्नो कार्य गर्दै गर्दा आएका समस्या तथा चुनौतीहरुको सामना गर्दै ती समस्या समाधान तथा चुनौती न्यूनीकरण गर्न देहाय बमोजिमका उपायहरु अवलम्बन गर्दै आएको छ ।

- सोलारहरुको व्यवस्थापन गरी कार्यालयहरुको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने गरेको ।
- गुणस्तरिय शिक्षा, स्वास्थ्य सम्बन्धि विभिन्न माध्यमहरुबाट आमजनमानसहरुलाई सू-सुचित गराउने गरेको ।
- वडा कार्यालयहरुबाट सेवा प्रवाह गर्नुका साथै शिविर संचालन गरी सेवा प्रवाह गर्ने गरेको ।

- संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको कार्य संचालन लाई थप प्रभावकारी बनाउन संघ, प्रदेशले निर्माण गरेको कानूनहरुलाई आधारमानी ऐन, कानून निर्माण गर्ने गरेको ।
- कर्मचारीहरुको स्थायी पदपूर्तीका लागि प्रदेश लोकसेवा आयोग संग दरबन्दी अनुसार कर्मचारीहरु माग गरेको ।
- रोड हेड सम्म पुगेका मेसिन उपकरणहरुलाई उद्यमीहरु मार्फत तालिमस्थल सम्म पुगाएको।
- कर्मचारीहरुका लागि कार्यालय संचालन तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम संचालन गरेको ।
- स्रोत केन्द्रहरु टाढा भएपनी बिभिन्न माध्यमबाट सहजिकरण गर्ने गरिएको ।
- सर्वप्रथम सम्पुर्ण वडाको बाजो जमिन तथा खेति गरिदै आएको जमिको माटो परिक्षण गरि कुन ठाउको माटोमा कस्तो खालको बालि बस्तु उत्पादन हुन्छ भनेर जानकारि लिने ।
- कृषक हरुलाई नयाँ प्रविधि तथा आधुनिक खेति सम्बन्धि जानाकारि दिने र आधुनिक खेति सम्बन्धी बढि उत्प्रेरित गर्ने |
- प्राकृतिक समस्याले बढि क्षति गर्ने भएकाले असिना हिमपात बाट बचाउन जालिको प्रयोग गर्ने गरेको जस्तै स्याउ बगैचामा |
- सम्पुर्ण वडाका अगुवा कृषक हरुलाई विभिन्न किसिमका रोग किरा हरुको बारेमा जानकारि गराउने गरेको ।
- वडा प्राविधिकलाई साइडमा खटाउने गरेको ।
- बस्तीस्तरबाट माँग आएपछि प्राविधिकले अनुमानित लागत निकालेर मात्र योजनामा समावेश गर्ने गरेको ।
- समयमै संझौता गरी कार्य गर्ने गरेको ।
- ठेकेदारहरुलाई समय समयमा बोलाएर छलफल गर्ने गरेको ।
- योजनाको नियमित अनुगमन गर्ने गरेको ।
- क्षेत्रगत बजेट विनियोजन गर्ने गरिएको ।
- अवश्यकताका आधारमा HMIS Tools उपलब्ध गराउने र केहि अंस छपाइ वजेट स्थानिय निकायलाइ उपलब्ध गराउनु पर्ने ।
- औषधि व्यवस्थापनको लागी बजेट तथा समन्वय गराउने,
- खोपको खेरदर कम गर्न पालिका स्तरमा एउटा रेफ्रिजेनेटरको व्यवस्था गर्ने,
- रेकर्डिङ रिपोर्टिङमा गुणस्तर ल्याउन तालिम प्रदान गर्नु पर्ने,
- सबै वडाहरुमा स्वास्थ्य संरचनाहरु निर्माण भई सेवा प्रवाह भैइरहेको ।

- जनसंख्या र स्वास्थ्य संस्थाको अनुपातमा थप वजेट ब्यवस्था,
- सवै स्वास्थ्य संस्थाहरुमा Data Entry को ब्यवस्था गर्नु पर्ने ।
- कर्मचारीहरुलाई आ-आफ्नो काम प्रति जिम्मेबार बनाउने,

४.४ <u>सुझावः</u>

- वार्षिक कार्यक्रम कार्यान्वयन योजना तयार पारी सोही आधारमा कार्य अगाढी बढाउने
- भदौ महिनाभित्र उपभोक्ता समिति गठन गरि असोजमा संझौता गरेर मंसीरमा काम शुरु गर्नु पर्ने ।
- उपभोक्ता समितिलाई योजना कार्यान्वयन सम्बन्धी तालिम दिनु पर्ने ।
- योजनाको लागत ईस्टिमेट बनाएर बजेट विनियोजन गर्नु पर्ने ।
- आयोजना निर्माणस्थलमा अनिवार्य रुपमा प्राविधिक कर्मचारी हुनु पर्ने ।
- आवधिक योजनालाई पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- मध्यमकालीन खर्च संरचनाको वारेमा पदाधिकारी र कर्मचारीहरुलाई अधिमुखीकरण गर्नुपर्ने
- कर्मचारी क्षमता विकास योजना अनुसार प्राविधक कर्मचारीलाई तालिम दिने ।
- प्राविधिक शाखालाई आवश्यक पर्ने समाग्री खरिद गर्नु पर्ने ।
- समयमै EGP मार्फत ठेक्का निर्माणका कार्य संचालन गर्नुपर्ने ।
- अनुगमन तथा सुपेरिवेक्षण समितिको क्षमता विकास गर्ने तथा समितिको प्रतिवेदनमा दिएको सुझावको कार्यान्वयन गर्ने गराउने ।
- भौगोलिक विकटता भएकाले ठूला ठेक्काको हकमा बहु वर्षीय बनाउने ।
- पाँच लाख भन्दा साना योजना कम बनाउने ।
- आर्थिक विकास क्षेत्रलाई प्रबर्धन हुने खालको कार्यक्रममा बजेट विनियोजन गर्ने ।
- जनसंख्या र स्वास्थ्य संस्थाको अनुपातमा थप वजेट ब्यवस्था,
- गाउघरक्लिनिक भवन निर्माण गरी सेवा प्रवाह गर्नुपर्ने ।
- खोपको खेरदर कम गर्न पालिका स्तरमा एउटा रेफ्रिजेनेटरको व्यवस्था गर्ने,
- अवश्यकताका आधारमा HMIS Tools उपलब्ध गराउने र केहि अंस छपाइ वजेट स्थानीय निकायलाइ उपलब्ध गराउनु पर्ने ।
- सवै स्वास्थ्य संस्थाहरुमा Data Entry को ब्यवस्था गर्नु पर्ने ।
- कर्मचारीहरुलाई जिम्मेबार बनाउने,
- कर्मचारीहरुको स्थायित्वको सुनिश्चितता,
- पशु पालन तथा ब्यवस्थापन कार्यक्रम आफैमा फरक बिषय भएकोले यस्ता कार्यक्रमहरु नियमित र निरन्तर प्रकारका हुनुपर्छ जस्ले गर्दा उद्देश्य प्राप्ती गर्न सहज

हुन्छ । यस्ता कार्यक्रम संचालन गर्दा तपशिल अनुसारका कुराहरुमा पुग्ने गरी बजेट बिनियोजन तथा कार्यक्रम बनाईनु पर्छ ।

### ४.५ निष्कर्षः

यस प्रतिवेदनमा अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगतिलाई क्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिकाको प्रशासनिक तथा आर्थिक सुशासनलाई पारदर्शिता कायम गरी अगामि वर्षहरुमा अझै थप प्रभावकारी तवरबाट पालिकाका काम कार्यबाही अगाडी बढाउन मद्दत गर्ने छ । आर्थिक वर्ष २०७९/०८० को कुल प्रस्तावित आय रु. ३५,४१,११,२९२।०० रहेकोमा रु. ३३,८९,०३,७०९।०० मात्र वास्तविक आय भएको जुन ९५.७१% कुल आम्दानी रहेको छ । पालिकाको यस वर्षको कुल बजेटको आधारमा रु. ३०,९३,८०,२४०।०० अर्थात ८७.३७% प्रगति भएको छ भने कुल आम्दानीको आधारमा ९१.२९% प्रगति भएको छ । यस पालिकाको आ.व. २०७९/०८० को चालु खर्च तर्फ रु. २२,९८,२६,०९२।०० बजेट मध्ये रु. १९,६८,८७,०६३।०० अर्थात ८५.६७% प्रगति भएको छ । त्यसै गरी पुंजीगत तर्फ रु. १२,४२,८५,२००।०० मध्ये रु. ११,२४,९३,१७६।०० अर्थात ९०.५१% प्रगति भएको छ ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को क्षेत्रगत बजेट अन्तरगत आर्थिक विकास क्षेत्रको कुल बजेट रु. ३,७५,५०,०००।०० मध्ये रु. ३,०१,६२,२७५।०० अर्थात ८०% प्रगति भएको छ । यसै गरी सामाजिक विकासको रु. १४,५९,८७,०००।०० बजेटमा रु. १३,२३,९१,६९२।०० खर्च भई ९१% प्रगति देखिएको छ । पूर्वाधार विकास तर्फ रु. ८,५५,६६,२००।०० मध्ये रु. ७,६३,२४,३६४।०० अर्थात ८९% प्रगति भएको छ । त्यस्तै सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रको रु. २,३९,०७,०९२ मध्ये रु २,०५,०२,८०६।०० खर्च भइ ८६% प्रगति भएको छ भने कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रको रु. ६,११,०१,०००।०० बजेटमा रु. ४,९९,९९,१०३।०० खर्च भई ८२% खर्च प्रगति भएको छ । यसरी समग्रमा आर्थिक प्रगति ८७.३७% रहदा भौतिक रुपमा ९५% प्रगति प्राप्त गर्न सकिएको छ ।

अपिहिमाल गाउँपालिकाले यस वर्षको तेस्रो त्रैमासिक देखि मासिक रुपमा भुक्तानी गरेकै कारण अघिल्ला वर्षको तुलनामा आफ्नो कार्यसम्पादनमा वृद्धि गरेको छ । अझै अगामी वर्षमा आफ्नै पालिकाको स्थायी लेखाको कर्मचारी हुने हो भने यो प्रगतिमा वृद्धि हुने अपेक्षा गाउँपालिकाले लिएको छ । साथै आगामी वर्षमा गाउँपालिका, पालिका अन्तरगतका शाखा/उपशाखा, इकाइ तथा वडा कार्यालयहरुले वार्षिक कार्यक्रम कार्यान्वयन कार्य योजना तयार गरी आफ्ना कार्यक्रमलाई समयमै सु-सम्पन्न गर्ने योजना सहित अगाडी

बढ्नुपर्ने देखिएको छ । यसरी वार्षिक कार्ययोजना सहित गाउँपालिकाले आफ्ना कार्यक्रमलाई सम्पादन गरेमा आगामी वर्षहरुमा गाउँपालिकाले कार्यसम्पादनको प्रगतिमा उत्कृष्ट सफलता प्राप्त गर्ने विश्वास लिइएको छ ।

## <u>अनुसूचीहरुः</u>

## <u>पंजिकरण शाखाबाट गरिएका क्रियाकलापहरूको फोटोहरूः</u>



















Shot on OnePlus







<u>गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन सम्बन्धी फोटोहरू:</u>


















REDMI NOTE 10 PRO
28/05/2023 17:32














महदेवी छिलोदेउडा प्रतियोगिता
तथा
विविध मनोरञ्जनात्मक कार्यक्रम २०७४
आयोजक




महदेवी छिलोदेउडा प्रतियोगिता
तथा
विविध मनोरञ्जनात्मक कार्यक्रम २०७४














<u>पशु सेवा केन्द्रबाट सम्पन्न गरेका कार्यक्रमको फोटोहरू</u>







६














REDMI NOTE 10 PRO
03/07/2023 10:56













# रोजगार सेवा केन्द्रद्वारा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमका फोटोहरू

**आ.व. २०७९।८० मा सम्पन्न योजनाहरूको तस्विरहरू**





वडा कार्यालय फिल्ड

मज्जे विद्यालयको फिल्ड






पाथा स्वास्थ्य घेरबार



साकार खडन्ची बाटो



तामाखानी





खात्ती पन्यार धारा








क्षेत्ती खडन्ची बाटो



क्षेत्ती पिसिसि बाटो







सिति पाङरखोला ढलनिकस सहितको बाटो





सौगन्ना

५. पूर्वाधार विकास शाखा तथा योजना शाखाबाट कार्यान्वयन भएका योजना तथा कार्यक्रमका फोटोहरू



वडा नः ४ को प्रतिक्षालय र फिल्ड निर्माण

सौगन्ना पिसीसी बाटो





वडा नः ६ गौरीशंकर आवि फिल्ड निर्माण

वडा नः ३ क्षेत्ती स्याउजे मन्दिर



वडा नः १ को धौलीवडारको पर्यटक आराम आश्रय भवन.

वडा नः २ सकार बाटो



## शिक्षा यूवा तथा खेलकूद शाखाबाट कार्यान्वयन भएका कार्यक्रमहरूका फोटो



पालिका स्तरीय रनिङ शिल्ड प्रतियोगिता २०७९

## जिल्ला स्तरीय रनिङ शिल्ड प्रतियोगिता  २०७९



पाठयोजना तथा कार्यपुस्तिका वितरण २०७९

वडा स्तरीय बाल प्रतिभापहिचान कार्यक्रम




28/06/2023
siddatopikhabar.com
अध्यक्षसंग बालबालिका बिशेष कार्यक्रम सम्पन्न

७



## अध्यक्षसँग बालबालिका कार्यक्रम

**अपिहिमाल गाउपालिका** शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा आधारभूत तह ( कक्षा ६-८ ) र माध्यमिक तह ( कक्षा ९-१० ) मा अध्यापनरत शिक्षकहरुको पेशागत विकास सम्बन्धी २ दिने तालिम सम्पन्न ।।
मिति - २०८०/०३/१५ र १६




लोकदर्पण समाचारदाता २०८० बैशाख ५, मंगलवार १६:३८

0 प्रतिक्रिया



अपिहिमाल गाउपालिका शिक्षा,युवा तथा खेलकुद शाखा द्वारा आयोजना गरिएको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी २ दिने तालिम सम्पन्न ।।

मिति : २०७९/११/२ र ३ गते





बाल बिकास सहजकर्ताहरुलाई पोषण सम्बन्धी १ दिने तालिम सम्पन्न ।।

मिति: २०८०/०१/०९

अपिहिमाल गाउपालिका ,दार्चुला












**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम ICT Lab व्यवस्थापन**







राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम भवनहरु




डिजिटल नमुना कक्षा कार्यक्रम









वडा स्तरीय विविध कार्यक्रमको तस्वीहरु












<u>महिला बालबालिका तथा समाज कल्याण शाखाबाट कार्यान्वयन भएका क्रियाकलापका फोटोहरू</u>





एकल महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तरगत च्याउ खेती सीप विकास कार्यक्रम









अपांङगहरुलाई होजियरी सीप विकास तालिम



अपिहिमाल ग [illegible] मा
जेष्ठनागरिक समाज खण्डश्वरीको आयोजनामा
जेष्ठनागरिकहरुलाई न्यानो कम्बल बितरण कार्यक्रम
अध्यक्ष ज्यु बाट सुभारम्भ ! यो कार्यक्रम सबै वडाहरुका
जेष्ठनागरिकहरुलाई कम्बल बितरण गरि सम्पन्न गरिने छ ।
विशेष धन्यवाद जेष्ठनागरिक समाज लाई !









**स्वास्थ्य शाखाबाट कार्यान्वयन भएका कार्यक्रमहरूका फोटोहरू**









प

पूर्ण खोप घोषणाको लागि घरधुरी सर्बेक्षण



कोभिड-१९ खोप अभियन



पोषण अनुगमन




परिवार नियोजन तथा पाठेघरको क्यान्सर स्कृनिङ क्याम्प




ग्रामिण अल्ट्रासाउण्ड शिविर



जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम

खानेपानी तथा सरसफाई इकाईले कार्यान्वयन गरेका कार्यक्रमहरूको फोटोहरू

## योजना सँग सम्बन्धित फोटोहरुः

**धंकंकुटी खानेपानी तथा सरसफाई योजना**













**देउली खानेपानी तथा सरसफाई योजनाको पहिले र हालको अवस्था**



# <u>मकरीगाड खानेपानी तथा सरसफाई योजनाको पहिले र हालको अवस्था</u>















**चौविसनगैरी खानेपानी तथा सरसफाई योजनाको पहिले र हालको अवस्था**





**थुम्ती खानेपानी तथा सरसफाई योजनाको पहले र हालको अवस्था**








कृषि शाखा अन्तरगतका कार्यक्रमहरुको झलक






## विपद् सँग सम्बन्धित फोटाहरुः



















